


# शुभ-दृष्टि

(कोरोना कहरमा रचना गरिएका मुक्तकहरूको सँगालो-२०७७)

विश्वराज रसाइली

---

*A Collection of **"Nepali Muktak"** by Bishwuraj Rasailee*

# शुभ-दृष्टि

(कोरोना कहरमा रचना गरिएका मुक्तकहरूको सँगालो-२०७७)


| | | |
|---|---|---|
| मुक्तककार | : | विश्वराज रसाइली |
| विधा | : | मुक्तक |
| सर्वाधिकार | : | © मुक्तककारमा |
| प्रकाशक | : | ज्योतिन्द्र घिमिरे 'ज्योति' |
| भाषा सम्पादन | : | सबीना सुनाम |
| सम्पर्क | : | ०६१-४६६२५९, ९८४६०३३८०६, ९८२६११६१९४ |
| ई-मेल | : | rasaileebishwuraj@gmail.com |
| प्रकाशन मिति | : | नेपाल सम्वत् ११४१<br>वि.सं. २०७७ (ई.सं. २०२१) |
| प्रकाशन संख्या | : | ५०० |
| लेआउट | : | महेन्द्र क्षेत्री (टेल-इन कम्प्युटर सर्भिस, पोखरा) |
| मूल्य | : | रू. २५०।- (व्यक्तिगत)<br>रू. ५००।- (संस्थागत) |
| मुद्रक | : | मुनाल प्रिण्टिङ्ग |
| ISBN No. | : | |


## आवरण कलाकार परिचय



नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य **कलाकार बुद्धि गुरूङ**को जन्म वि.सं. २०१५ भाद्र १४ गते अर्मलाकोट, कास्कीमा भएको हो । उहाँले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एकल तथा सामूहिक चित्रकला प्रदर्शनी गरिसक्नुभएको छ । उहाँ ललितकला सम्मान पुरस्कार, ललितकला क्षेत्रीय प्रतिभा पुरस्कार, रमानन्द जोशी स्मृति वाटर कलर सम्मान पुरस्कार, चेतना संरक्षक प्रतिष्ठान ललितकला पुरस्कार आदिबाट सम्मानित भइसक्नुभएको छ । उहाँले भारत, साउथ कोरिया, हङकङ आदि देशको भ्रमण पनि गरिसक्नुभएको छ ।

# हार्दिक आभार



**श्याम घामबोले**
पोखरा-७, घारीपाटन,
हिमालीटोल, हालः लण्डन



**लक्ष्मी थापा (राजेन दाइ)**
पोखरा-५, जीरो कि.मि.
हालः हङकङ



**राजकुमार ल्वागुन**
पोखरा-११, फूलबारी
हालः कतार



**धनबहादुर नेपाली**
पोखरा-२८ (साविक
माझठाना, कास्की)
हालः वासिङटन डि.सी. अमेरिका



**नारायण नेपाली**
राईनास न.पा.-५,
लमजुङ
हालः काठमाडौं



**अमृत घिमिरे**
पोखरा-१३, कुँडहर
हालः दक्षिण कोरिया



**विक्रम रसाइली**
करपुटार न.पा.-७ लमजुङ
हालः टोकियो, जापान



**प्रेम नेपाली**
पोखरा-३३, बाघमारा
कास्की




**अमृत विश्वकर्मा**
हंसपुर-४, कास्की
हालः टोखा न.पा.-७,
धापासी, काठमाडौं

# समर्पण

विश्वव्यापी महामारी कोभिड-१९
(नोवल कोरोना भाइरस) का
कारण ज्यान गुमाउनेहरूप्रति ........

# एक मुक्तककारको शुभ–चिन्तन



कविता मानव जीवनको सुन्दर शाब्दिक अभिव्यक्ति कला हो । जीवनका यावत् सुख-दुःख, अनुभव, अनुभूति, घटना, दुर्घटना, ज्ञान-विज्ञानका प्राप्ति र सम्भावनाहरु कविताका विषय बन्छन् । यस अर्थमा हेर्दा कविताको आकाश ब्रह्माण्ड जतिको विशाल र व्याप्त छ । जहाँ विशालता हुन्छ त्यहाँ सूक्ष्मता पनि हुन्छ, गहनता पनि हुन्छ । यी नै विशालता, सूक्ष्मता र गहनताभित्र सुन्दरताका असङ्ख्य आयाम हुन्छन् ।

महान् कवि उही हुन् जसले ब्रह्माण्डीय सम्पूर्णताको गायन सौन्दर्यपूर्ण शब्दहरूका माला उनेर गर्छन् ।

कविताका अनेक स्वरूप छन् । महाकाव्य, खण्डकाव्य, फुटकर कविता, गीत, गजल, मुक्तक सबै कविताका विविध रूप हुन् । कविताका यी विविध रूपमध्ये समकालीन परिवेशलाई थोरै शब्दमा अभिव्यक्त गर्न सक्ने एक विशिष्ठ रूप मुक्तक हो । मुक्तक छोटो हुन्छ तर सुन्दर हुन्छ । मुक्तक छोटो हुन्छ तर गहन हुन्छ । मुक्तक छोटो हुन्छ तर मर्मस्पर्शी हुन्छ । मुक्तक छोटो हुन्छ तर सटिकरूपले लक्षभेदन गर्न सक्ने क्षमताले मुक्त हुन्छ । अहिलेसम्मको अनुसन्धानबाट प्राप्त जानकारी अनुसार मुक्तकको सर्वप्राचीन परिभाषा अग्निपुराणमा भेटिएको छ । अग्निपुराणले मुक्तकलाई आफैमा परिपूर्ण हुने, स्वतन्त्ररूपले रचिने चतुष्पदी भनेर परिभाषित गरेको छ । संस्कृत परम्पराबाट आएको मुक्तकको यो परिभाषा अनुरूप संस्कृतका कविहरु र नेपाली साहित्यका पुराना कविहरूले सयौं वर्षदेखि मुक्तक रचना गर्दै आएका थिए । अहिले पनि शास्त्रीय कविहरूले यही परिभाषामा मुक्तक रचना गरिरहेका छन् ।

वि.सं. २०१० मा अग्रज कवि भीमदर्शन रोकाले अरबी-फारसी हुँदै हिन्दी भाषामा भित्रिएको संस्कृत परम्परागत चतुष्पदीभन्दा संरचनात्मकरूपले केही भिन्न रूवाइयात् शैलीलाई नेपाली साहित्यमा भित्र्याएपछि नेपाली मुक्तक

लेखनमा एउटा नयाँ आयाम थपियो । यस aaba शैली संरचनालाई कृष्णप्रसाद पराजुली, रत्नशमशेर थापा, भूपि शेरचन, हरिभक्त कटुवाल लगायतका कविहरूले लोकप्रिय पारेपछि यसले व्यापक लोकप्रियता प्राप्त गऱ्यो । प्राचीन चतुष्पदीय शैली र रूवाइयात् शैलीका बीचमा अर्को एउटा स्वतन्त्र मुक्तक लेखन शैली पनि नेपाली मुक्तकमा भित्रियो जसलाई रवर छन्द पनि भन्ने गरिएको छ । तीसको दशकका मुक्तककारहरूले यो शैलीलाई स्थापित गरेका थिए ।

साहित्य लेखनमा विविधतालाई दोष होइन गुण मान्नु पर्छ । मुक्तक लेखनको विविधतालाई यही मान्यतामा बुझ्नु समयोचित हुन्छ भन्ने मेरो विचार छ ।

विश्वराज रसाइली समकालीन पोखरेली साहित्य र सङ्गीत क्षेत्रका एक सक्रिय स्रष्टा हुन् । वि.सं. २०३२ सालमा पर्वतको चित्रेमा जन्मी त्यहीको स्थानीय विद्यालयमा कक्षा सातसम्म अध्ययन गरेर शिक्षा आर्जनकै क्रममा पोखरा आएका उनी निरन्तर रूपमा पोखरामा बसोबास गरी पोखराकै साहित्य र सङ्गीत विकासमा समर्पित भएका छन् । उनको पहिलो पुस्तकाकार कृति वि.सं. २०५५ मा प्रकाशित मुक्तक सङ्ग्रह 'शुभ-विवाह' हो भने दोस्रो पुस्तकाकार कृति वि.सं. २०७५ मा प्रकाशित कविता सङ्ग्रह 'शुभ-कामना' हो । यी दुई कृतिका बीच २०६४ मा उनीद्वारा एकलरूपले लेखिएको चर्चित गायिका सबीना सुनामद्वारा गाइएको गीति एल्बम साधना सान्तना रेकर्डस् काठमाडौंबाट प्रकाशित भएको थियो । उनीद्वारा लिखित दुई दर्जनभन्दा बढी अन्य गीतहरु पनि साङ्गीतिक क्षेत्रमा प्रकाशित भइसकेका छन् । उनका यी सिर्जनात्मक कर्महरूले उनी समकालीन कविता, मुक्तक र गीत लेखनका एक अविराम साधक हुन् भन्ने प्रमाणित गर्छन् ।

पहिलो प्रकाशित कृति 'शुभ-विवाह' बाट मुक्तककारका रूपमा परिचय बनाएका विश्वराज रसाइलीको 'शुभ-दृष्टि' दोस्रो मुक्तक सङ्ग्रह हो । यस मुक्तक सङ्ग्रहमा १०१ मुक्तक  सङ्ग्रहित छन् । वर्तमान विश्व अहिले कोभिड-१९ नामक विषाणु (भाइरस) द्वारा आक्रान्त भएको छ । यो समयावधिमा यस विषाणुबाट विश्वमा लाखौंभन्दा बढी मानिसहरूको मृत्यु भइरहेको छ । अरू लाखौं मानिस यस विषाणुबाट सङ्क्रमित भई जीवनका लागि सङ्घर्ष गरिरहेका छन् । हाम्रो देशमा पनि सयौं मानिसको मृत्यु र हजारौं मानिस सङ्क्रमित भइरहेका छन् । सबभन्दा

चिन्ताजनक कुरा, लामो समयसम्म देशबन्द (लकडाउन) गरिएको भएपछि देशमा मृत्यु र सङ्क्रमण तीव्र रूपले बढिरहेको छ । हामीले हाम्रो जीवनकालमा पहिलोपल्ट अनुमान गरिरहेको यस विश्व महामारीको अन्त्य कहिले हुने हो र नमरूञ्जेलसम्म यसले विश्व-मानवीयतालाई कति हानि पुऱ्याउने हो भन्ने अनुमान गर्न गाह्रो छ । तर यस विश्व महामारीले विश्वको आर्थिक, सामाजिक जीवनमा अझै धेरै क्षति पुऱ्याउने कुरा निश्चय नै छ ।

वर्तमान समयको यस विश्वपीडाले विश्वराज रसाइलीलाई 'शुभ-दृष्टि' सिर्जना गर्न प्रेरित गरेको देखिन्छ । उनले 'शुभ-दृष्टि' नामको मुक्तकमा कोरोना कहरले जीवन क्षतविक्षत भइरहे पनि हरेश खान नहुने र यस संकटमा पनि 'शुभ-दृष्टि' राख्न पर्ने भावना व्यक्त गरेको छन् । उनले कोरोना विषाणुको घातकता र त्यसद्वारा राष्ट्रिय र सामाजिक जीवनमा परेका नकारात्मक असरहरु, विद्रुपनाहरु र विसङ्गतिमाथि पनि मुक्तक रचेका छन् ।

**'म'-१**

*राज्यका लागि जनशक्ति होइन सिर्फ म त एउटा भोट रहेछु*
*न फल्ने न छहारी दिने व्यर्थै उम्रेको म त एउटा बोट रहेछु*
*कोभिड-१९ ले संसार बन्दाबन्दीमा फस्दा पो बल्ल थाह भो*
*न कतै चल्ने न बैंकमा सटही हुने म त एक खोटो नोट रहेछु ।*

**पक्षपात**

*दैव पनि कस्तो वैरी भाग्य लेख्दा असहायको निधारमा भने मनपरी केर्दोरहेछ*
*गरिब, दीन-दुःखी, बेसहारालाई समस्याले पनि चारैतिरबाट एकैपटक घेर्दोरहेछ*
*नियति हो या नियम विश्व नै बन्दाबन्दीको चपेटामा फसेको बेला*
*कस्तो अचम्म ! वितरण गरिने सरकारी राहतले पनि धर्म, जात, पार्टी हेर्दोरहेछ ।*

प्रस्तुत मुक्तक सङ्ग्रहमा कोरोना विषयक मुक्तकहरु मत्र छैनन् । राष्ट्रिय र सामाजिक जीवनका अनेक पक्षमाथि चिन्तन गरिएका मुक्तकहरु मात्र पनि

छन् । राष्ट्रिय राजनीतिको घिनलाग्दा कुराहरू, नेपाली स्वाभिमानहरू, गरिबी र असमानताका अवस्थाहरू, जातीय विभेदका भयानकताहरू बालबालिका र महिला हिंसाका चरमताहरू, श्रमिक–मजदूरका कथाव्यथाहरू, गणतन्त्रका विडम्बनाहरू, अनास्था र मूल्यहीनका भयावहताहरू जस्ता व्यापक विषयहरू यसमा समेटिएका छन् । यस दृष्टिले हेर्दा विश्वराज रसाइली विश्व र देशप्रति अत्यन्त सचेत, चिन्तनशील र बहूआयामिक विषयवस्तुमा मुक्तक रचना गर्न सक्षम मुक्तककार हुन् भन्ने सिद्ध हुन्छ ।

विश्वराज रसाइलीको समग्र सिर्जनात्मक चिन्तनको एक महत्त्वपूर्ण विषय जातीय विभेद हो । संविधानले छुवाछूतमुक्त राष्ट्र घोषणा गरे पनि समाजमा छुवाछूत यथावत छ । अरूलाई दलित भनी जातीय श्रेष्ठताको अहंकारमा बाँचेकाहरूले झुटो अहम्को सन्तुष्टिको लागि समानता, न्याय र जातीय सद्भावलाई जानीजानी स्वीकार गर्न चाहँदैनन् । यस मुक्तक सङ्ग्रहमा धेरै मुक्तकहरू यही सामाजिक विभेदयुक्त परिस्थिति बारे रचित छन् ।

विश्वराज रसाइलीको अहिलेसम्म प्रकाशित तीनवटै कृतिमा शुभ भन्ने शब्द परेको छ । मलाई लाग्छ, यो संयोग होइन, उनको समाजप्रतिको, जीवनप्रतिको शुभ-चिन्तन हो । यसैले म उनलाई राष्ट्र, समाज र जीवनप्रति शुभ-चिन्तन गर्ने कवि, मुक्तककार र गीतकार भनी सम्बोधन गर्न चाहन्छु ।

प्रस्तुत मुक्तक सङ्ग्रहसम्म आइपुग्दा म विश्वराज रसाइलीको सिर्जनाशक्ति निखारिँदै आएको देख्छु । केही संरचनात्मक कमजोरीहरू अवश्य रहेका छन् जसलाई उनले समयसँगै परिमार्जन गर्ने नै छन्, म विश्वास गर्छु ।

अन्त्यमा म उनको शुभ-चिन्तन निरन्तर रूपले सक्रिय बन्दै जाओस् भन्ने कामना गर्छु ।

**अभिलाषा**

*दैवीप्रकोप, महामारीविरूद्ध सहयोगी मनहरू सेवामा खट्नुपर्छ*
*अन्याय, दमन, भ्रष्टाचार, शोषणविरूद्ध हामी सबै सधैं डट्नुपर्छ*
*मानवताविरूद्ध फैलिएको कोरोना भाइरसबाट पाठ सिक्दै*
*लैङ्गिक, जातीय, क्षेत्रीय एकापसका सङ्कीर्णता सबैबाट हट्नुपर्छ ।*

**– सरूभक्त**

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका, पूर्व कुलपति

# प्रकाशकीय



झण्डै तीनदशकदेखिका चिरपरिचित हामी द्वय हालसम्म पनि असल मित्रकै रूपमा सम्बन्धलाई अगाडि बढाउन सफल भएका छौं ।

अन्तरमुखी स्वभावका कारण जो कोहीसँग सजिलै घुलमिल हुन नसक्ने तर घुलमिल भएपछि भने हृदयदेखि नै सम्बन्ध कायम गर्न मन पराउने मेरा बालसखा मित्र विश्वराज रसाइली विद्यालयतहदेखि नै साहित्यप्रति रूचि राख्ने गर्थे । विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलाप अन्तर्गत रचनात्मक कार्यक्रममा उनी विजेता बनी पुरस्कार थाप्दै गरेको दृश्य अझैसम्म मलाई ताजै छ ।

पोखरा यसै पनि साहित्य, कला र संस्कृतिको राजधानी मानिन्छ नै । यसै परिवेशमा यहाँ सञ्चालन हुने साहित्यिक गतिविधिमा विश्वको संलग्नता पनि बढ्दै जानेनै भयो । सानै उमेरमा बा-आमाको साथ छोडेर पोखरा हजुरबा-आमासँग बसी लेखपढ गरेका उनलाई रेडियो सुन्ने र भेटेका पत्रपत्रिका पढ्ने रूचि थियो भने हलमा चलेका हिन्दी तथा नेपाली चलचित्र हेर्न पनि खूब मनपराउँथे । आफूले नजिक ठानेका साथीभाइसँग बसेर गफिन र रमाइलो गर्न भनेपछि हौसिने आदत आजसम्म पनि उस्तै देख्छु । नजिकै ठाने तापनि झट्ट जो कसैसामु आफ्नो कुनै पनि समस्या बताउन नचाहने तर समाधानको अपेक्षा राख्ने र अरूको दुःखसुखमा मनैदेखि गाँसिन मनपराउने उनको यो आदत भनौं या विशेषता मलाई मनपर्छ ।

मानिस के कति कारणले फरक हुन पुग्छ, सोंच विचार बदल्छ वा आफूलाई समय र परिस्थिति अनुरूप परिवर्तन गर्छ तर विश्वलाई भने म सदा उस्तै सफा हृदयलिएर सबैप्रति समभाव राख्ने व्यक्ति ठान्छु । मलाई यस्तो लाग्छ, उनी विगतप्रति पनि गुनासो गर्दैनन् र भविष्यमाथि पनि त्यति

चासो र विश्वास राख्दैनन्, केवल वर्तमान नै हाँसी-खुसी रमाउन पाउँदा आफूलाई भाग्यमानी सम्झन्छन् ।

उच्च शिक्षा अध्ययन गर्न क्याम्पस छिरेपछि आफूलाई साथीभाइको सङ्गतबाट अलि टाढा भएको महसुस गरेका उनी साहित्यप्रति झन नजिक हुन पुगेजस्तो  मलाई लाग्छ । केही समय हामी आ-आफ्नै पारिवारिक र व्यावसायिक कारणले टाढा भयौं तापनि भेटघाट हुँदा हाम्रो बोलीचाली-व्यवहार उही हुन्थ्यो जस्तो पहिले थियो ।

हरेक व्यक्तिका सकरात्मक पक्ष र नकरात्मक पक्ष हुन्छन् नै । विश्वका पनि धेरै सकरात्मक पक्ष र केही नकरात्मक पक्ष भएको मैले अनुभूत गरेको छु । सामाजप्रतिको उदाहरणीय काम, साथीहरूप्रति नम्र, सहयोगी मन बोकेका, निडर र स्वाभिमानी सोंच विश्वका सकरात्मक पक्ष हुन् । कठोरतादेखि ज्यादै डराउँछन् भने कोमलताकै वरिपरि रहन उनी मन पराउँछन् । जो कोहिलाई छिटै विश्वास गर्ने बानी नकरात्मक पक्ष जस्तो भान मलाई हुन्छ ।

वि.सं. २०७५ सालमा उनको कविता सङ्ग्रह "शुभ-कामना" मेरै संयोजकत्वमा प्रकाशनमा ल्याउने काम सम्पन्न गरिसकिएको थियो भने गीत-सङ्गीत र साहित्यमा अनवरत लागेका विश्वको वि.सं. २०७६ सालमा उनको सामाजिक सन्देशमूलक 'मान्छेको जात' म्युजिक भिडियो र उनको यो तेस्रो कृति मुक्तक सङ्ग्रह "शुभ-दृष्टि" पनि पाठक समक्ष ल्याउन पाउँदा म ज्यादै हर्षित छु ।

अन्त्यमा कृति प्रकाशनका लागि आर्थिक, भौतिक, नैतिक समर्थन गरी साथै विभिन्न किसिमले यसमा आवद्ध साहित्यकार तथा शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा मित्र विश्वराज रसाइलीको साहित्यिक यात्रा अझ फराकिलो र उज्ज्वल हुन सकोस् हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**- ज्योतिन्द्र घिमिरे "ज्योति"**

# 'शुभ-दृष्टि' माथिको दृष्टिकोण



संस्कृतको 'मुच्' धातुमा 'त' प्रत्यय लागेर बनेको 'मुक्त' शब्दमा पुनः 'क' प्रत्यय लागेर 'मुक्तक' शब्दको निर्माण भएको हो । मुक्तको अर्थ स्वतन्त्र, खुला, कथासूत्रमा नगाँसिएको, बन्धनबाट पार भएको, छोडिएको, छुट्कारा पाएको भन्ने हुन्छ । अतः मुक्तकको अर्थ पनि खुला तथा स्वतन्त्र रूपमा हृदयगत भावनालाई अभिव्यक्त गर्ने विधा भन्ने बुझिन्छ । तर मुक्तक विधाको अर्थ खुल्ला, स्वच्छन्द र स्वतन्त्ररूपले अभिव्यक्त गर्ने विधा भएझैँ लागे पनि मुक्तक वास्तवमा सोँचेजस्तै मुक्त विधा भने होइन । यसका लेखनका आफ्नै नीति-नियमहरु छन् । सो नीति-नियमभित्र बाँधिएर सिर्जना अभिव्यक्त गर्नुपर्ने बाध्यताहरु छन् । जस्तो कि, रूवाइयात् शैलीको मुक्तकमा जम्मा चार पङ्क्ति हुनुपर्दछ । तेस्रो पङ्क्ति स्वतन्त्र रहेर पहिलो, दोस्रो र चौथो पङ्क्ति तुकबन्दी अथवा अनुप्रासयुक्त हुनै पर्दछ । यसमा पहिलो पङ्क्तिले विषयवस्तुको उठान, दोस्रो पङ्क्तिले विषयवस्तुको व्याख्या, तेस्रो पङ्क्तिले सहजताका साथ भाव र विचारको सम्प्रेषण गर्दै, मुक्तकले खास भन्नुपर्ने तथ्य कुरा खोतल्दै चौथो पङ्क्तितर्फ इङ्गित गर्ने र चौथो पङ्क्तिले समग्रमा भन्नुपर्ने खास र महत्वपूर्ण कुरालाई मुक्तकको केन्द्रीय भावलाई बडो रोचकता, चतुऱ्याइँ र बेजोड शिल्प-शैलीका साथ प्रस्तुत गर्दै टुङ्ग्याउनुपर्दछ । उदाहरणस्वरूप कवि, मुक्तककार भूपि शेरचनको मुक्तक प्रस्तुत छ-

पहिलो पङ्क्ति- प्रत्येक पहेंलो धातुलाई सुनको गजुर भन्न मन लाग्छ
दोस्रो पङ्क्ति प्रत्येक रङ्गीन चरालाई वनको मजुर भन्न मन लाग्छ
तेस्रो पङ्क्ति- चाकडी गर्दा-गर्दा यस्तो बानी परिसक्यो अब त
चौथो पङ्क्ति- बाटामा कुनै गधालाई देखे पनि हजुर भन्न मन लाग्छ ।

उपर्युक्त मुक्तकमा, पहिलो पङ्क्तिले विषयवस्तुको उठान गरेको छ । दोस्रो पङ्क्तिले विषयवस्तुको व्याख्या गरेको छ । त्यस्तै तेस्रो पङ्क्तिले भाव र विचारको सम्प्रेषण गर्दै खास भन्नुपर्ने तथ्य कुरा खोतल्दै चौथो पङ्क्तितर्फ इङ्गित गरेको छ भने चौथो पङ्क्तिले मुक्तकको केन्द्रीय भावलाई बडो रोचकता र बजोड शिल्प शैलीका साथ प्रस्तुत गर्दै सफल र सबल रूपमा टुङ्ग्याएको छ । माथि उल्लेखित मुक्तकमा पहिलो पङ्क्तिमा प्रयोग गरिएको 'गजुर', दोस्रो पङ्क्तिमा प्रयोग गरिएको 'मजुर' र चौथो पङ्क्तिमा प्रयोग गरिएको 'हजुर' शब्दहरू यस मुक्तकका 'तुक' हुन् भने तेस्रो पङ्क्ति तुकबन्दीविहीन रही स्वतन्त्र रूपले अभिव्यक्त छ । खासमा यही नै रूवाइयात शैलीको मुक्तकको संरचना हो । झट्ट हेर्दा रूवाइयात शैलीको मुक्तक, गजलको मतला शेर र त्यसपछिको शेर गरी दुई शेरजस्तो देखिन्छ । हुन पनि गजल र रूवाइको विकास र प्रचलन फारसी भाषामै भएको हुनाले पनि केही समानता देखिएको हो । तर यी दुवै छुट्टाछुट्टै र स्वतन्त्र अस्तित्वका विधा हुन् ।

न मुक्तकको लामो रूप गजल हो न गजलको छोटो वा संक्षिप्त रूप मुक्तक हो । मुक्तकलाई लम्ब्याएर गजल बनाउन नसके जस्तै गजललाई पनि छोट्याएर मुक्तक कदापि बनाउन सकिँदैन । यदि कथंकदाचित कसैले बनाउने दुस्साहस गर्‍यो भने पनि त्यसले मुक्तकको धर्म निर्वाह गर्न सक्दैन र मुक्तक जति चोटिलो र प्रभावकारी हुनुपर्ने हो त्यति र त्यही सामर्थ्यको हुँदैन । त्यस्तै मुक्तकको लामो रूप पनि कविता होइन र कविताको छोटो तथा लघु रूप पनि मुक्तक होइन । पुरानो मान्यतामा कविताको लघु रूपलाई मुक्तक मानिए तापनि मुक्तकको नयाँ परिभाषा र अवधारणाअनुरूप त्यस मान्यतालाई आजभोलिका मुक्तककारहरूले भत्काइसकेका छन् । त्यसैले त कविताको लघु रूप चोइटा, छेस्का, टुक्रा, चोइला, छोक, झटारो, फिलिङ्गोजस्ता नामकरण गरी मुक्तकको नाममा सिर्जना प्रकाशित गरे पनि रूवाइयात शैलीइतरका रचनालाई मुक्तक मान्न तयार छैनन्, आजका मुक्तककारहरू । हुन पनि मुक्तकलाई एउटा ओजिलो, दरिलो र अस्तित्वपूर्ण विधा बनाउने हो भने यसको एउटा निश्चित संरचना र

मापदण्ड बनाउनु जरूरी छ । त्यो निश्चित मापदण्ड, संरचना र मुक्तकको प्रभावकारिता रूवाइयात शैलीको मुक्तकमा मात्र पाउन सकिन्छ ।

नेपाली साहित्यमा मुक्तक लोकप्रिय विधा हो । पाठक तथा श्रोतालाई तुरून्तै आकर्षण गर्न सक्ने विधागत शक्ति मुक्तकमा छ । अहिलेको समयमा मुक्तक नलेखेका, मुक्तक नपढेका र मुक्तक नसुनेकाहरु सायद कमै होलान् । प्रायः सबै स्रष्टाहरूले आफ्नो जीवनमा एउटा न एउटा मुक्तक त रचना गरेकै होलान् । नलेखेकाहरूले पढेका होलान् सुनेका होलान् । जस्ले पढेका होलान् सुनेका होलान् उनीहरूको मन-मस्तिष्कमा मुक्तकको संरचनागत शिल्प शैलीले ठाउँ जमाएकै होला, चाहे त्यो युवा होस् वा प्रौढ । सायद मायाप्रेमको साथै समसामयिक विषयवस्तुलाई सशक्त तवरले प्रस्तुत गर्न सकेकोले होला नेपाली साहित्यिक विधामा मुक्तकको विशेष स्थान छ । यही र यस्तै प्रभावले हुनुपर्छ हिजोदेखि आजसम्म पनि धेरै स्रष्टाहरु मुक्तक विधामा क्रियाशील छन् । तिनै क्रियाशील स्रष्टामध्येका एक स्रष्टा हुन् विश्वराज रसाइली ।

यसअघि 'शुभ-विवाह' मुक्तक सङ्ग्रह-२०५५ र 'शुभ-कामना' कविता सङ्ग्रह-२०७५ प्रकाशित गरिसकेका विश्वराज यतिखेर तेस्रो कृति मुक्तक सङ्ग्रह 'शुभ-दृष्टि' सार्वजनिक गर्ने क्रममा छन् । कविता, गीत, गजल विधामा पनि कलम चलाउदै गरेका यिनी मुक्तकमा अझ बढी क्रियाशील देखिन्छन् । उनको मुक्तक लेखनप्रति मलाई आशा र भरोसा छ । यो आशा यो भरोसा मलाई उनको मुक्तक लेखन र सिर्जनाले दिलाएको हो । उनको यही भरोसयुक्त सिर्जनाबाट म उनको एउटा मुक्तक यहीँनिर राख्न चाहन्छु -

*सबै आफन्त जस्ता लागिरहे सम्बन्ध कोही टुटेनन्*
*जीवित छँदा मेरो लागि आफ्नो भन्ने कोही जुटेनन्*
*जिन्दगी पूरै रात झैं बित्यो बिहान कहिल्यै देखिनँ*
*मरेपछि लाशमाथि फूल चढाउन भने कोही छुटेनन् ।*

पोखरामा पोखरालाई कर्म थलो बनाएर साहित्य, सङ्गीत र कला

सिर्जनामा लाग्ने थुप्रै प्रतिभाहरु छन् । ती प्रतिभाशाली नामहरुको फेहरिस्त बनाउने हो भने लामो हुन जान्छ । कुनै समय स्कूल कलेज पढ्ने पढाउने या जागिर व्यवसाय गर्नको लागि पनि पोखरामा बसेर साहित्य सिर्जनामा लागेका धेरै प्रतिभाहरु अहिले राष्ट्रियस्तरमा स्थापित र चर्चित भएका छन् । यिनै प्रतिभाहरुको सम्मिश्रणले पोखरेली साहित्य हुर्कनु, बढ्नु र फैलिनुमा महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यस्तै नामहरुभित्र, त्यस्तै योगदानहरु भित्र कतै न कतै विश्वराज रसाइलीको नाम पनि अटेको छ भनेर भन्दा अतिशयोक्ति नहोला ।

विश्वराज कवि हुन् । विश्वराज गीतकार हुन् । विश्वराज मुक्तककार हुन् । उनले आफ्नो लेखनको जुनसुकै विधा मार्फत देशलाई माया र नेताहरुलाई खबरदारी गरिरहेका छन् । देशलाई आवश्यक पर्दा जुनसुकै अवस्था र स्थितिमा आफ्नो तर्फबाट उपस्थिति देखाएका छन् । चाहे त्यो जन आन्दोलनमा प्रत्यक्ष सहभागी भएर होस् या आफ्नो कलमको माध्यमबाट होस् तर हजारौं शहीदहरुको बलिदानीबाट प्राप्त गणतन्त्रमा सरकार, पार्टी र नेताहरु आपसी बखेडा, विवाद, झगडा, सत्तालिप्सा, फोस्रो आश्वासन र भ्रष्टाचारमा लिप्त हुँदा मुक्तककार दुःखित हुन्छन् र यस्तो मुक्तक सिर्जना गर्दछन् ।

*एउटै खोरभित्र दुई-दुईवटा सिंह कहिलेसम्म अटाउलान् ?*
*नाराले समृद्धि ल्याउँछ भन्ने भ्रम कहिलेसम्म हटाउलान् ?*
*विश्व नै महामारीसँग फसेको यो प्रतिकूल समयमा*
*कागजी परिवर्तनले भ्रष्टाचार कहिलेसम्म घटाउलान् ?*

मुक्तक नेपाली साहित्यको चोटिलो विधा हो । यसलाई साहित्यको चटनी पनि भनिन्छ । जुन सुन्दा, पढ्दा स्वादिलो र तिख्खरिलो हुने गर्दछ र हुन पनि पर्दछ । छोटो हुनु, खँदिलो हुनु, चोटिलो हुनु अनि एउटै आवृत्तिमा सम्पूर्ण हुनु मुक्तकका विशेषता हुन् । विश्वराज रसाइलीको मुक्तक संग्रह, 'शुभ दृष्टि' नेपाली मुक्तक साहित्यको लागि एउटा प्राप्ति हो । स्रष्टा विश्वराजका मुक्तक सङ्ग्रहको नाम अनुरुप यहाँ "शुभ दृष्टि" का अनेक प्रसङ्गहरु छन् । देशको वर्तमान अवस्था, राजनैतिक खिचातानी,

सत्ता लिप्सा, महङ्गी, बेरोजगार, जातीय भेदभाव, श्रमिक, कोरोना कहर लगायत विविध विषयवस्तुका भावहरु पुस्तकमा समेटिएका छन् । देशमा जुनसुकै पार्टीको सरकार आए पनि जनताको दुःख पीडा गएको छैन । श्रमिकहरु निरन्तर श्रम शोषणमै परिरहेका छन् । दलितहरु अझै पनि उच्चजात भनाउँदाकै थिचोमिचोमा परिरहेका छन् । छोरीचेलीहरु दिन दहाडै बलात्कृत भइरहेका छन् । देशमा समानता र उज्यालोको लागि जुनसुकै र जतिसुकै आन्दोलनहरु भए तापनि जनताले परिवर्तनको महसुस गर्न पाएका छैनन् । देशमा कैयौं शासक फेरिए । तर तिनका शैली फेरिएनन् । यस्तै भावहरूलाई मुक्तककारले बडो गम्भिरताका साथ उठाएका छन् ।

*श्रम र श्रमिकको कहिल्यै सम्मान हुँदैन बरू शोषण हुन्छ मेरो देशमा*
*मानवता निरीह पारिन्छ मान्छे पनि त छुत-अछूत हुन्छ मेरो देशमा*
*सामाजिक रूपान्तरणकै लागि जनआन्दोलन-जनयुद्ध भए भन्छन्*
*देशको मूल नीति राजनीति नेताबाट नै बलात्कृत हुन्छ मेरो देशमा ।*

विश्वराज रसाइली एक संवेदनशील भावनाका मुक्तककार हुन् । उनका मुक्तकहरूमा सामन्त, शोषक, भ्रष्टाचारी, अत्याचारीहरु विरूद्ध कलमको माध्यमबाट हुँकार गरेका छन् । दलित, शोषित, पीडित, निमुखा, अबलाहरूका पक्षमा बुलन्द आवाज उठाएका छन् । उनले जातीय दमन विरूद्ध, महिला हिंसा विरूद्ध शब्दहरूका आगो बालेका छन् । उनले आफ्ना मुक्तकहरूमा उनले केही देखेका शायद केही भोगेका अनुभूतिहरूलाई अक्षरमा प्रतिविम्बित गरेका छन् । उनको यो अक्षरको प्रतिविम्ब, उनको यो लगन मेहनत प्रशंसनीय छ । जुन मुक्तकहरूले पाठकहरूलाई अझै चेतनशील, जागरूक र आन्दोलित बनाउँछ ।

*समान कथा समान व्यथा भएपछि एकअर्काको मन छुने रहेछ*
*मान्छेलाई पशुभन्दा तल्लो स्तरमा झार्दा मानवता नै रूने रहेछ*
*संघीय लोकतान्त्रिक राज्यको नागरिक हूँ भनी के गौरव गरूँ ?*
*दमन विरूद्ध मैले बोल्दा सामाजिक सद्भाव कमजोर हुने रहेछ ।*

मुक्तककार विश्वराज श्रृङ्गारिक धारमा भन्दा समसामयिक धारमा कलम चलाउने स्रष्टा हुन् । यस सङ्ग्रहका अधिकांश मुक्तकहरु समसामयिक विषयवस्तुसँग सम्बन्धित छन् । देश र समाजसँग सम्बन्धित छन् । सामाजिक परिवेशमा घटिरहने घटना दुर्घटनासँग सम्बन्धित छन् । हाम्रा दैनिक जीवनमा देखा परिरहने समय सान्दर्भिक लाग्ने खालका छन् । कोरोना कहरसँग सम्बन्धित छन् । हुन त मुक्तककारले आफ्नो मुक्तक सङ्ग्रह नै कोरोना कहरको समयमा तयार पारेका हुन् । त्यसैले पनि यसभित्र समेटिएका अधिकांश मुक्तकहरु कोभिड-१९ बारे अथवा त्यसैको वरिपरि भएको महसुस गर्न सकिन्छ । जस्तै-

*डेरामा अन्नपात सकिएपछि भोको पेट लिई चुलोमा राप तापेको देखियो*
*ग्राहकलाई मार बिक्रेतालाई मुनाफा भो कोरोना भाइरस फापेको देखियो*
*कस्तो अचम्म ! विश्वास गर्न करै लाग्यो दाजुभाइ दिदीबहिनीहरु*
*घाँटीमा सुनको सिक्री, हातमा बाला, स्कुटर चढी राहत थापेको देखियो ।*

कानुनमा महिला पुरूष समान, सबै जातजाति समान भनिए तापनि व्यवहारमा अझै पनि ऊँच नीचको भावना र व्यवहार देखाउने प्रशस्तै भेटिन्छन् । बुद्धको देशमा हत्या हिंसा र बलात्कार दिन प्रतिदिन मौलाउँदै गइरहेको छ । नाबालकदेखि वृद्धासम्म बलात्कारमा परिरहेका छन् । बलात्कार हुनु अत्यन्तै दुःखद कुरा त हुँदै हो, अझ त्यो भन्दा दुःखद् कुरा के हो भने बलात्कारी हत्यारालाई सजायबाट उम्काएर उल्टो पीडितलाई दोषी देखाउने सामाजिक अगुवाहरूको दबदबा छ । जुन अत्यन्तै खेदजनक छ । यी र यस्तै भावका विषयवस्तुलाई मुक्तककारले यसरी व्यक्त गरेका छन् ।

*बलात्कृत नाबालिकालाई बलात्कारीको जिम्मा लगाउँछन्*
*सामाजिक विभेद र जातीय अपमानले हदैसम्म गलाउँछन्*
*दोष जति कमजोर पक्षकै देख्न अभ्यस्त भएको यो समाज*
*हत्यालाई आत्महत्यामा परिणत गर्दै अभियुक्त बचाउँछन् ।*

मुक्तककार विश्वराजका यिनै र यी जस्ता राम्रा मुक्तकहरु यस पुस्तकभित्र थुप्रै पाउन सकिन्छ । पढ्दै जाँदा यस्ता मुक्तकहरुले पाठकहरुका मन पक्कै तान्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ । उनका केही मुक्तकहरु यस प्रकार छन्–

*जसले देश दोहन गरेको छ उसैले राष्ट्रियताको गीत गाएको छ*
*राष्ट्रको ढुकुटी रित्तो पारेर उसैले भ्रष्टचारीसित मीत लाएको छ*
*कुर्सी टिकाउनकै लागि नौटङ्की प्रदर्शन गर्छन् सत्ताधारी*
*महासंकटमा राज्यको भूमिका देखी जनता चित खाएको छ ।*

*सामाजिक रुपान्तरण गर्छु भन्ने हाम्रा राजनेताहरु नै नस्लवादी हुन थालेका छन्*
*सद्भाव शान्ति खल्बलाउन धर्मभीरूले आपसमा वैमनस्यताको आगो बालेका छन्*
*कस्तो संघीय शासन व्यवस्थाको अभ्यास गरिरहेका छौं कुन्नि हामी ?*
*जातीय विभेदले प्रताडितमाथि दमन गर्न पाऊँ भनी पीडकले नै मुद्दा हालेका छन् ।*

*हिंस्रक जनावरहरुलाई समेत आफैसित खुवाउँछ–सुताउँछ यो समाजले*
*घरपालुवा जनावरको पूजा गरी उनीहरुप्रति सम्मान दर्साउँछ यो समाजले*
*खै कस्तो धर्म संस्कृतिको संरक्षण अवलम्बन गर्दैछन् नेपालीले विश्वमाझ*
*अछूत जाति भित्र पस्यो भनी घर चोख्याउन जरिवाना तिराउँछ यो समाजले ।*

*श्रीमती बालबच्चा असहाय बनाइ वैदेसिक रोजगारीमा जान कर छ मलाई*
*कसैले भाग्य र भविष्य लेखिदिने होइन यहाँ मेरै पाखुराको भर छ मलाई*
*विश्वास कसैको मान्नु हुन्न मान्छेको मन मौसमजस्तै फेरिरहेको छ अचेल*
*छिमेकीले आगो झोसिदिई घर जलेर खरानी हुन्छ कि भन्ने डर छ मलाई ।*

*जुन धरतीमा तिमी पाइला टेक्छौ त्यही धरतीमा म पनि पाइला टेक्ने गर्छु*
*जुन आकास ओढी सास फेर्छौ त्यही आकास ओढी म पनि सास फेर्ने गर्छु*
*जुन रगत तिम्रो नसामा बग्छ त्यही रगत मेरो नसामा पनि बग्छ साथी*
*एउटै मुहानको पानी हामी दुवै पिउँछौ तर तिमी शुद्ध म अशुद्ध हुने गर्छु ।*

*बैङ्कले किस्ता ले भन्छ घरबेटीले भाडा ले भन्छ*
*देशले राजस्व ले भन्छ शिक्षालयले शुल्क ले भन्छ*
*खै क-कसलाई के दिऊँ माग्नेहरु माग्न छोड्दैनन्*
*कस्तो आपत ! उता कोरोनाले तेरो ज्यान ले भन्छ ।*

*कोही गणतन्त्रलाई नयाँ बोतल पुरानो झोल भन्छन्*
*कोही गणतन्त्रलाई पुरानै सिरक नयाँ खोल भन्छन्*
*जुन व्यवस्था आए पनि जनताको अवस्था उही नै छ*
*कोही गणतन्त्रलाई राजतन्त्रकै नयाँ रोल भन्छन् ।*

विश्वराजका मुक्तकहरु अध्ययन गरेपछि के बुझ्न सकिन्छ भने, उनी एक अक्षरकर्मी हुन् । उनी सधैं शोषित पीडितको पक्षमा आवाज उठाइरहने समानताका पक्षधर कवि हुन् । यसका साथ साथै समाज परिवर्तनका लागि आफ्ना अक्षरका माध्यमबाट समाज र समयलाई खबरदारी गरिरहने विद्रोही चेतका लेखक हुन् ।

सरल शब्दहरुमा, अभिव्यक्त भावहरुमा सिर्जना गरिएको यो मुक्तक सङ्ग्रह प्रशंसनीय छ, पठनीय छ । तथापि आफ्नो वरिपरिको समाज र परिवेशभन्दा थोरै माथि उठेर आफ्नो प्रस्तुतिको भावसँगै थोरै शिल्प र कला पक्षलाई अझै माझ्न सके, अक्षर मापनलाई पनि ध्यान दिइ सुधार गर्न सके भविष्यमा यिनीबाट नेपाली मुक्तक साहित्यले अरू थप योगदान पाउन सक्नेछ भन्ने कुरामा अपेक्षा सकिन्छ ।

अन्त्यमा, मुक्तककार विश्वराज रसाइलीको उत्तरोतर प्रगतिको कामना सहित उज्यालो साहित्यिक भविष्यको हार्दिक शुभकामना छ ।

–**दीपक समीप**, पोखरा ।

*आफ्नै कलमबाट ...*

# कोरोना कहरको अनुभूति "शुभ–दृष्टि"



विद्यालयीय जीवनदेखि नै साहित्यप्रति मेरो झुकाव रहन गयो । नियमित रूपमा रेडियो सुन्ने, पत्रपत्रिका पढ्ने, नाटक र चलचित्र हेर्ने मेरो एक प्रकारको आदत नै बस्न पुग्यो । विद्यालयले हरेक शुक्रबार आयोजना गर्ने अतिरिक्त क्रियाकलाप अन्तर्गत रचनात्मक कार्यक्रममा मेरो सहभागिता नियमित हुन थाल्यो । प्रारम्भिक दिनमा कविता लेखन र गीत लेखनमा म आकृष्ट भएको थिएँ । थुप्रै पटक पुरस्कृत पनि भएँ । प्रवेशिका परीक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनको लागि पृथ्वीनारायण क्याम्पसमा शिक्षा शास्त्र संकायको प्रवीणता प्रमाणपत्र तहमा भर्ना भएपछि मैले राजनीति शास्त्र र अङ्ग्रेजी विषयलाई मूल विषयको रूपमा रोजेँ । विद्यार्थी सङ्ख्या अपुग भएका कारण राजनीतिक शास्त्र विषयको पढाइ नै भएन । त्यसैले अङ्ग्रेजी र नेपाली मूल विषय रोज्नु पऱ्यो । यसरी म औपचारिक रूपमा नै नेपाली भाषा र साहित्यको विद्यार्थी बन्न पुगेँ ।

मलाई याद भएसम्म पहिलो पटक लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' र भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' किताब आफैले किनेर पढेको थिएँ । पोखरा र आसपासमा आयोजना हुने साहित्यिक कार्यक्रमहरूमा म नियमित सहभागी हुन चाहे तापनि विविध कारणले नियमित रूपमा सहभागी हुन भने सक्ने थिइनँ । पोखरेली युवा साँस्कृतिक परिवारले हरेक महिनाको पहिलो शनिबार आयोजना गर्ने समता काव्य सन्ध्या कार्यक्रममा एकप्रति ताजा कविता लिएर सुनाउने गर्थें । अन्य साहित्यिक संघ-संस्थाले आयोजना

गर्ने कार्यक्रमहरूमा पनि सहभागी हुने थिएँ । पृथ्वीनारायण क्याम्पस, पोखरा स्वतन्त्र विद्यार्थी युनियूनद्वारा आयोजित खुल्ला मुक्तक प्रतियोगिता-२०५५ मा सहभागी हुँदा पहिलो पटक सान्त्वना स्थान प्राप्त र द रेयुकाई नेपाल लमजुङ उपशाखाद्वारा आयोजित प्रथम राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता-२०५६ मा पनि सान्त्वना स्थान हासिल गर्न पुगेको थिएँ । जसका कारण मलाई मुक्तक लेखनमा बढी हौसला मिल्यो । शिक्षण पेशामा आबद्ध भएकोले नियमित आयोजना हुने साहित्यिक कार्यक्रमहरूमा सहभागी हुन नसके तापनि लेखनलाई भने कायम राखेको थिएँ । मुक्तकप्रतिको यही विशेष मोहले मलाई पहिलो पटक मुक्तक सङ्ग्रह प्रकाशन गर्न प्रेरित गऱ्यो । फलस्वरूप शुभ-विवाह मुक्तक सङ्ग्रह-२०५५ प्रकाशन गरेँ । त्यसैको निरन्तरता नै आज फेरि अर्को मुक्तक सङ्ग्रह "शुभ-दृष्टि" प्रकाशन गरेको छु ।

कोरोना कहरको सेरोफेरोमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सँगालेका अनुभव-अनुभूति भित्रको अभिव्यक्ति नै "शुभ-दृष्टि" हो... ... ... ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ (नोवल कोरोना भाइरस) को रोकथाम तथा नियन्त्रणका लागि जब सरकारले देशव्यापी रूपमा बन्दाबन्दीको घोषणा गऱ्यो तब सर्वसाधरणको जनजीवन असामान्य बन्न थाल्यो । उद्योगधन्दा, कलकारखाना, शैक्षिक संस्था, होटल व्यवसाय, सिनेमा क्षेत्रलगायत समाजका हरेक क्षेत्र बन्दाबन्दीको मारमा पर्नाले धराशायी बन्न पुगे । मजदुर, कर्मचारी तथा दैनिक श्रम गरी जीवन निर्वाह गर्नेहरूको गासबास नै खोसिन पुग्यो । सरकारले कोरोना सङ्क्रमितहरूका लागि क्वारेन्टाइन, आइसोलेसन आदिको स्थापना गरे तापनि अति आवश्यक भौतिक पूर्वाधारसमेत नभएका कारण खासै प्रभावकारी देखिएनन् ।

बन्दाबन्दीको अवधिमा देशमा चार-पाँच वर्षीय बालिकादेखि साठी-पैसट्ठी वर्षीय वृद्धाहरु बलात्कारीको शिकार बन्न पुगे भने महिलामाथिको

घरेलु हिंसाको उग्ररूप पनि देखियो । जातीय विभेद र छुवाछूतका घटना दिनप्रतिदिन बढ्न थाले । सामान्य कुटपिटदेखि अधिकांस दलित जातिका युवतीमाथि यौन शोषण, बलात्कार हुन पुग्यो भने क्वारेन्टाइनमा समेत जातीय विभेद गरियो । रूकुम पश्चिम, चौरजहारी सोती-८ मा दलित जाति भएकैले नवराज विकसहित ६ जना होनाहार युवाहरूको बीभत्स हत्या गरियो जहाँ गैरदलित पनि परेका थिए ।

समाजमा राजनीतिक खिचातानी, अनुत्तरदायी सरकार, कमजोर शासन प्रणाली, महिला तथा अबोध बालिकाप्रति भएका दुर्व्यवहार, बलात्कार साथै जातीय विभेद र छुवाछूतका नियमित श्रृङ्खलाहरूमाथि आधारित भएर रोष प्रकट गर्ने सिलसिलामा नै यो मुक्तक सङ्ग्रह जन्मन पुगेको हो । परिस्थिति र मनस्थिति कमजोर भएको अवस्थामा पनि हामीले हाम्रो सोंच सधैं सकारात्मक राख्नुपर्छ भन्दै आशावादी भएर वर्तमान विषम अवस्थामा डटेर जुध्न र आफूलाई स्वस्थ र सुरक्षित राख्न पर्छ भन्ने धारणा सबैमा विकास होस् भन्ने आशय मुक्तक सङ्ग्रहमा व्यक्त गरेको छु । त्यसैले मुक्तक सङ्ग्रहमा समावेश भएका १०१ मुक्तकहरूको सँगालोको नाम "शुभ-दृष्टि" राखेको छु ।

मुक्तक सङ्ग्रहका लागि समसामयिक आवरण चित्र कोरिदिनु हुने ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य एवं वरिष्ठ कलाकार **बुद्धि गुरुङ** दाइप्रति हार्दिक आभार व्यक्त गर्दछु । आम पाठक समक्ष यो कृति प्रकाशन गरी हातहातमा पुऱ्याउनका लागि आर्थिक तथा नैतिक समर्थन र साथ दिनुहुने मनकारी व्यक्तित्व, नेपाली गीत-सङ्गीत र कलालाई अति माया गर्नुहुने र सधैं नेपाली साहित्य र कलाको विकास तथा उत्थानमा लागिपर्नु हुने **श्याम घामबोले** दाइप्रति ऋणी छु ।

त्यस्तै मुक्तक सङ्ग्रह प्रकाशनका लागि जिम्मेवारी लिनुहुने मेरा बाल

सखा तथा युवा व्यवसायी **ज्योतिन्द्र घिमिरे 'ज्योति',** मेरा आत्मीय मित्रहरु **राजकुमार ल्वागुन, नारायण नेपाली, प्रेम नेपाली,** मेरा प्रिय भाइहरु **अमृत घिमिरे, विक्रम रसाइली, अमृत विश्वकर्मा,** मेरा आदरणीय दाजुहरु **लक्ष्मी थापा (राजेन दाइ)** र **धनबहादुर नेपाली** ज्यूप्रति अन्तरहृदयदेखि आभार प्रकट गर्दछु ।

मुक्तक सङ्ग्रहका लागि भूमिका लेखिदिनु हुने कवि, गीतकार, गजलकार तथा मुक्तककार **दीपक समीप**प्रति म सधैं आभारी छु । यसै क्रममा मुक्तक सङ्ग्रहमा शुभकामना मन्तव्यसहित हौसला दिनुहुने समादरणीय दाजुहरु सरूभक्त, तीर्थ श्रेष्ठ, जीवन परियार, प्रकट पगेनी "शिव", विश्व शाक्य, विष्णु अल्पविराम, आनन्दरत्न बज्राचार्यमा हार्दिक नमन व्यक्त गर्दछु । गुरू द्वय डा. रविलाल अधिकारी र हेमराज रेग्मी, मेरा मित्रहरु गोविन्दबहादुर नेपाली, रविन घिमिरे साथै अग्रज साहित्यकारहरु कृष्णप्रसाद बास्तोला, धनबहादुर नेपाली, पदमराज ढकाल साथै चेम्बर अफ कमर्श कास्कीका अध्यक्ष किसान सुनार र सामाजिक अभियन्ता नरेन्द्र मित्रकोटी ज्यूप्रति साधुवाद टक्र्याउँदछु ।

बासना कलाकेन्द्रका मनोज विक 'भावुक' दाजु, भाइ भक्तराज रसाइली, क्रेजी रेकर्डिङ्ग स्टुडियोका भाइ विनोद रसाइली र नेपाल प्लस अनलाई रेडियो तथा टेलिभिजनकी बहिनी नरमाया रसाइलीप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । सङ्ग्रह प्रकाशनका लागि कम्प्युटरमा टाइप तथा सेटिङ्गमा सहयोग गर्नुहुने भाइ महेन्द्र क्षेत्रीप्रति आभारी छु । कृति प्रकाशनका लागि घच्घच्याइरहने मेरी जीवनीसङ्गीनी तथा गायिका सबीना सुनामलाई विशेष धन्यवाद दिन चाहन्छु । मुक्तक सिर्जनाका बखत शान्त रहेर सहयोगी बनिदिने मेरा छोरा अनुपम र छोरी अङ्गनालाई धन्यवाद साथै धेरै माया प्रकट गर्दछु । मुक्तक सङ्ग्रह प्रकाशनका लागि सल्लाह, सुझाव दिई

मलाई उत्साह भरिदिने, प्रत्यक्ष-अप्रत्यक्ष रूपमा साथ समर्थन गर्ने सबैलाई सम्झन चाहन्छु ।

अन्त्यमा, प्रकाशनका हिसाबले तेस्रो र मुक्तक विधाका रूपमा दोस्रो कृति "शुभ-दृष्टि" पढेर सदासर्वदा मलाई आवश्यक राय-सुझाव एवम् प्रतिक्रिया दिई साहित्यिक यात्रामा सधैं ऊर्जा प्रदान गर्नुहुनेछ भन्ने विश्वासका साथ पुनः अर्को कृतिमा भेट गर्ने वाचा गर्दछु ।

**-विश्वराज रसाइली**
मोदी गाविस-८, पर्वत
हालः पोखरा

# विषय सूची


| | |
|---|---|
| एक मुक्तककारको | |
| शुभ-चिन्तन -*सरूभक्त* | ५ |
| प्रकाशकीय | |
| -*ज्योतिन्द्र घिमिरे 'ज्योति'* | ८ |
| 'शुभ दृष्टि' माथिको | |
| दृष्टिकोण -*दीपक समीप* | ११ |
| कोरोना कहरको अनुभूति | |
| "शुभ-दृष्टि"-*विश्वराज रसाइली* | १९ |
| शुभ-दृष्टि | २७ |
| सिलसिला | २८ |
| पद्धति | २९ |
| ग(न)णतन्त्र | ३० |
| प्रचलन | ३१ |
| आक्रोश | ३२ |
| अनुरोध | ३३ |
| बन्दाबन्दी-१ | ३४ |
| मुक्तकमा विशेष ठाउँ | |
| बनाउने खोज्ने मुक्तककारलाई | |
| शुभकामना... | |
| -*डा. रविलाल अधिकारी* | ३५ |
| बन्दाबन्दी-२ | ३७ |
| विडम्बना-१ | ३८ |
| विडम्बना-२ | ३९ |
| अभिलाषा | ४० |
| भ्रम | ४१ |
| आव्हान | ४२ |
| आखिर | ४३ |
| अस्वीकार | ४४ |

| | |
|---|---|
| मेरो देश | ४५ |
| चलन | ४६ |
| अथार्थ-१ | ४७ |
| यथार्थ-२ | ४८ |
| यथार्थ-३ | ४९ |
| म-१ | ५० |
| म-२ | ५१ |
| म-२ | ५२ |
| विरोधाभास-१ | ५३ |
| विरोधाभास-२ | ५४ |
| सफलताको हार्दिक | |
| शुभकामना -*तीर्थ श्रेष्ठ* | ५५ |
| खबरदारी | ५६ |
| स्वीकारोक्ति | ५७ |
| विवशता | ५८ |
| प्रेरणा | ५९ |
| कोरोनावाद | ६० |
| समय | ६१ |
| पक्षपात | ६२ |
| पुरूष | ६३ |
| अफसोस ! | ६४ |
| विसङ्गति | ६५ |
| हालखबर | ६६ |
| कोरोना कहरभित्र जन्मेको | |
| कृति "शुभ-दृष्टि" | |
| -*प्रकट पगेनी "शिव"* | ६७ |
| पश्न-१ | ६८ |
| प्रश्न-२ | ६९ |

# विषय सूची


| | |
|---|---|
| प्रश्न-३ | ७० |
| अपमान | ७१ |
| विकल्प | ७२ |
| निमन्त्रणा | ७३ |
| आजभोलि | ७४ |
| "शुभ-दृष्टि":प्रतिकुलताको सिर्जनात्मक उपयोग *-गोविन्दबहादुर नेपाली* | ७५ |
| अत्याचार | ७८ |
| चुनौती | ७९ |
| अभ्यास | ८० |
| हासिल | ८१ |
| नेता | ८२ |
| परम्परा | ८३ |
| सन्देह | ८४ |
| दृष्टि | ८५ |
| रीति | ८६ |
| प्रवृत्ति | ८७ |
| छिमेकी | ८८ |
| अप्ठेरो | ८९ |
| चेताउनी | ९० |
| बाध्यता-१ | ९१ |
| बाध्यता-२ | ९२ |
| उद्घोष | ९३ |
| प्रतिस्पर्धा | ९४ |
| समाजको वर्तमान अवस्था छर्लङ्ग पार्ने मुक्तकहरू *-पदमराज ढकाल* | ९५ |
| सक्दैनौ | ९७ |
| भिन्नता | ९८ |
| वास्तविकता | ९९ |
| खोसियो | १०० |
| बहिष्कार | १०१ |
| आदेश | १०२ |
| क्वारेन्टाइन | १०३ |
| किन-१ | १०४ |
| किन-२ | १०५ |
| कोरोना | १०६ |
| प्रतिप्रश्न | १०७ |
| हेक्का | १०८ |
| देख्छु | १०९ |
| परिभाषा | ११० |
| के दिऊँ ? | १११ |
| निर्लज्जता | ११२ |
| कृति रच्दै "कहर"लाई "रहर"मा बदल्ने व्यक्तित्व.. *-धनबहादुर नेपाली* | ११३ |
| आभास | ११४ |
| मन्त्र | ११५ |
| विपरीत | ११६ |
| मलाई | ११७ |
| पूर्वाग्रह | ११८ |
| तटस्थता | ११९ |
| टीका | १२० |
| सभ्यता | १२१ |
| बसाइँ | १२२ |

# विषय सूची


| | |
|---|---|
| मृत्युञ्जय मनिषा | १२३ |
| विभेद | १२४ |
| पक्ष | १२५ |
| संस्कार-१ | १२६ |
| हरेक मुक्तकले केही न केही पाठ सिकाएको अनुभूति *-आनन्द रत्न बज्राचार्य* | १२७ |
| संस्कार-२ | १२९ |
| साहस | १३० |
| हामी | १३१ |
| आत्मबोध | १३२ |
| आवश्यकता | १३३ |
| पुरानै | १३४ |
| तपाइँ | १३५ |
| दोष | १३६ |
| स्पष्टीकरण | १३७ |
| जानकारी | १३८ |
| खेद | १३९ |

| | |
|---|---|
| सहयोगी सर्जक *-कृष्णप्रसाद बास्तोला* | १४० |
| समानताको गीत गाउने स्रष्टा *-प्रेम नेपाली* | १४० |
| यथार्थ अभिव्यक्तिः प्रतीकात्मक रचना *-किसान सुनार* | १४१ |
| यूवा पिंढीका मानवताका पूजारी *-विष्णु 'अल्पविराम'* | १४१ |
| विभेद र विसङ्गतिप्रति मुखरित मुक्तक सँगालो *-विश्व शाक्य* | १४२ |
| कलम र सिर्जनाप्रति शुभकामना *-नरेन्द्र मित्रकोटी* | १४२ |
| रचना शिल्पको कामना *-हेमराज रेग्मी* | १४३ |
| विद्यमान विकृति र विसङ्गति विरूद्धको आवाज *-रविन घिमिरे* | १४३ |

## (१) शुभ-दृष्टि

ज्ञान, विज्ञान, विवेक, चेतनाको जगत्मा शुभ-वृष्टि हुनुपर्छ
युद्ध, अशान्ति, हिंसा हटेर एकापसमा शुभ-सृष्टि हुनुपर्छ
कोरोना कहरले जिन्दगी क्षतविक्षत भए तापनि
हरेश नखाइ अगाडि बढ्ने प्रत्येकमा शुभ-दृष्टि हुनुपर्छ ।

## (२) सिलसिला

देशको समस्यालाई बेवास्ता गरी छिमेकीको चाहना सम्बोधन हुन्छ
नेपाली युवाको श्रम, सीप, योग्यता र क्षमता पराइ भूमिमा प्रशोधन हुन्छ
बन्दाबन्दीमा नागरिक भोकभोकै मरेको देख्दा-देख्दै पनि
मुलुकको हितभन्दा व्यक्तिगत स्वार्थका लागि संविधान संशोधन हुन्छ ।

## (३) पद्धति

सबै आफन्तजस्ता लागिरहे सम्बन्ध कोही टुटेनन्
जीवित छँदा मेरा लागि आफ्नो भन्ने कोही जुटेनन्
जिन्दगी पूरै रातझैँ बित्यो बिहान कहिल्यै देखिन
मरेपछि लाशमाथि फूल चढाउन भने कोही छुटेनन् ।

## (४) ग(न)णतन्त्र

नेपालीको खाली पेट र नाङ्गो शरीर कहिले भर्छौ गणतन्त्र
गुजाराको लागि विदेसिने परम्पराको अन्त्य कहिले गर्छौ गणतन्त्र
नारायणहिटीबाट शीतल निवास डेरा सरेको बाह्र वर्ष बितेछ
किशोर भएछौ मेरो गाउँ आउने साँघु कहिले तर्छौ गणतन्त्र ।

## (५) प्रचलन

बलात्कृत नाबालिकालाई बलात्कारीकै जिम्मा लगाउँछन्
सामाजिक विभेद र जातीय अपमानले हदैसम्म गलाउँछन्
दोष जति कमजोर पक्षकै देख्न अभ्यस्त भएको यो समाज
हत्यालाई आत्महत्यामा परिणत गर्दै अभियुक्त बचाउँछन् ।

## (६) आक्रोश

विश्वका असङ्ख्य कर्मठ मानिसहरूको गासबास खोस्यौ तिमीले
करौडौं बालबालिकाको भविष्यमाथि अन्योलता ठोस्यौ तिमीले
मानव लाशको खेती कहिलेसम्म गरिरहन्छौ हे कोरोना ?
पृथ्वीवासीलाई बाँकी नराखी गोमन सर्प बनेर डस्यौ तिमीले ।


## (७) अनुरोध

नेपालीलाई विश्वसामु सदा सर्वदा हरिकङ्गाल बनाउनेहरू
सिद्धान्तको राजनीति त्यागेर फुटको राजनीतिमा रमाउनेहरू
जनता बन्दाबन्दीका कारण भोकभोकै मर्दैछन् गाउँ सहरमा
संकटमा त एक हुन सिक लुटको राजनीतिमा गनाउनेहरू ।

## (८) बन्दाबन्दी-१

बन्दाबन्दी यहाँ भ्रष्टाचारीलाई निजी ढुकुटी भर्ने चन्दा भएको छ
बन्दाबन्दी कथित समाजसेवीलाई चुरीफुरी देखाउने धन्दा भएको छ
निरीह निमुखा सर्वसाधरण र मजदुरहरूका लागि भने
बन्दाबन्दी अभिशापमात्र नभई यहाँ जीवन मरणकै फन्दा भएको छ ।

# मुक्तकमा विशेष ठाउँ बनाउने खोज्ने मुक्तककारलाई शुभकामना...



विश्वराज रसाइलीजीले कोरोनाका कहरमा घरमा सीमित बनेर बस्नु परेका समयलाई सदुपयोग गरी 'शुभ-दृष्टि' शीर्षकको यो मुक्तक सँगालो तयार पार्नु भएको छ । यसमा उहाँले १०१ मुक्तक राख्नुभएको छ । उहाँको यो दोस्रो मुक्तक सङ्ग्रहले पाठकहरूलाई आकर्षण गर्न समर्थ हुनेछ । गीत, सङ्गीत, वाद्यवादन र साहित्यिक साधनामा उहाँलगायत श्रीमती र छोरा पनि संलग्न रहेकोले उहाँको परिवार सहृदय छ र हृदयलाई आकर्षण नगर्ने काम उहाँको परिवारलाई हुँदैन । बौद्धिकतासँगै सहृदयता पनि विश्वराज रसाइलीजीका मुक्तकमा पाइन्छ तर यहाँ एउटा भन्नै पर्ने कुरो के देखिन्छ भने विश्वराज रसाइलीजीको मुक्तक सम्बन्धी यो कृति लकडाउनका अवधिमै यस सँगालोका मुक्तकहरू लेखिएको भन्ने सचेतता रहेकोले कतिपय मुक्तकहरूका पाउहरू धेरै लामा र पढ्न असजिला भएका छन् । बौद्धिकता धेरै भए तापनि सरलता कम भएजस्तो लाग्छ ।

नेपाली साहित्यमा मुक्तकको प्रारम्भ भीमदर्शन रोकाले गरेको भने पनि हरिभक्त कटुवाल र भूपि शेरचनका मुक्तकहरू विशेष प्रभावशाली मानिए । पछिपछि धेरैले मुक्तकमा कलम चलाए । तर प्रभावशाली मुक्तककार भनेर अरू कसैको नाम लिइँदैन । विषयको मर्म होइन, तुक मिलाएपछि मुक्तक बन्छ भन्ने चेतनाले गर्दा त्यसो भएको हो भन्ने मलाई लाग्छ । यही परम्परा नेपाली मुक्तककारहरूमा छ भने विश्वराजजी लाई पनि किन कमजोर भन्ने ? तर आगामी प्रकाशनहरूमा उहाँका मुक्तकहरू अझ राम्रा आउनुपर्छ भन्ने हामीले आशा गर्नु स्वाभाविक हो । व्यङ्ग्यको प्रयोग भएका

मुक्तकहरु यहाँ पनि राम्रा छन् । समसामयिक राजनीतिक विकृति र जातीय पक्षपातका विषयमा उहाँको आलोचना आवश्यक नै छ तर व्यङ्ग्य बढी हुन पाएको भए अझ राम्रो हुने थियो ।

अन्त्यमा, म के भन्न चाहन्छु भने रसाइलीजीको यो दोस्रो मुक्तक सँगालोमा विशेष ठाउँ बनाउन खोज्नुभयो भने उहाँका मुक्तकहरूमा विशेष गरी परिपक्वता आउने छ । यस सङ्ग्रहको अध्ययन गरी उहाँका अरू राम्रा-राम्रा मुक्तकहरु पढ्न पाउने आशा गरौं । उहाँको जाँगर चलिरहोस्, कलम नसुस्ताओस् र मुक्तक संसारमा उहाँको नाम बढी चर्चित हुन पुगोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

- **डा. रविलाल अधिकारी**

पोखरा-१०, बुद्धचोक

## (९) बन्दाबन्दी-२

घरदेखि परदेशसम्म नेपाली-नेपाली माझ सद्भाव कहिले घुल्ने हो ?
जन्मले को ऊँच को नीच समानताको फूल कहिले फुल्ने हो ?
कोरोना विरूद्धको बन्दाबन्दी अवश्य खुल्छ कुनै दिन
जातीय विभेद र छुवाछूतको बन्दाबन्दी समाजमा कहिले खुल्ने हो ?

## (१०) विडम्बना-१

डेरामा अन्नपात सकिएपछि भोको पेट लिई चुलोमा राप तापेको देखियो
ग्राहकलाई मार बिक्रेतालाई मुनाफा भो कोरोना भाइरस फापेको देखियो
कस्तो अचम्म ! विश्वास गर्न करै लाग्यो दाजुभाइ-दिदीबहिनीहरू
घाँटीमा सुनको सित्री, हातमा बाला, स्कुटर चढी राहत थापेको देखियो ।

# (११) विडम्बना-२

मूर्खको प्रशंसाभन्दा विद्धानको आलोचना माथि हुन्छ
अपमानसहितको सम्मान लिनुभन्दा नलिनु जाति हुन्छ
देशमा बौद्धिकता मापनको आधार अर्थलाई ठानिएपछि
तोरीलाहुरेहरूले हाँकेको समाजमा दिन पनि राति हुन्छ ।

## (१२) अभिलाषा

दैवीप्रकोप, महामारी विरूद्ध सहयोगी मनहरू सेवामा खट्नुपर्छ
अन्याय, दमन, भ्रष्टाचार, शोषण विरूद्ध हामी सबै सधैं डट्नुपर्छ
मानवता विरूद्ध फैलिएको कोरोना भाइरसबाट पाठ सिक्दै
लैङ्गिक, जातीय, क्षेत्रीय एकापसका सङ्कीर्णता सबैबाट हट्नुपर्छ ।

## (१३) भ्रम

एउटै खोरभित्र दुई-दुई वटा सिंह कहिलेसम्म अटाउलान् ?
नाराले समृद्धि ल्याउँछ भन्ने भ्रम कहिलेसम्म हटाउलान् ?
विश्व नै महामारीसँग फसेको यो प्रतिकुल समयमा
कागजी परिवर्तनले मात्र भ्रष्टाचार कहिलेसम्म घटाउलान् ?

## (१४) आव्हान

नेपाली वीरवीराङ्गनाहरु लडिरहे देश रक्षार्थ सकिए तापनि दानापानी
स्वतन्त्र रूपमा चिनिंदा नि अतिक्रमित छन् हाम्रा लिम्पियाधुरा कालापानी
एकजुट भइ जुर्मुराएर उठौं सब राष्ट्रप्रेमीहरु विदेशी शक्ति विरूद्ध
अब मिलेर लड्नु छ हामीले अर्को स्वभिमानको ऐतिहासिक युद्ध नालापानी ।

## (१५) आखिर

जति माथि चढे पनि आखिर एकदिन झर्नै पर्छ
जति बाँच्छु भने पनि आखिर एकदिन मर्नै पर्छ
जतिसुकै सम्पन्न र शक्तिशाली ठान आफूलाई
जिन्दगीमा हरेक क्षण आखिर सम्झौता गर्नै पर्छ ।

## (१६) अस्वीकार

आफ्ना लागि राजनीति गर्नेलाई राजनेता भन्न मिल्दैन
सत्ताका लागि लुछाचुँडी गर्नेलाई राजनेता भन्न मिल्दैन
जनताको अवस्था नसुधारिने कस्तो परिवर्तन गरिएछ
राजनीतिलाई पेशा बनाउनेलाई राजनेता भन्न मिल्दैन ।

## (१७) मेरो देश

कतै पहिरो कतै बाढी कतै डुबानमा फसेको छ मेरो देश
अस्थिर राजनीतिकै कारण तल-तल खसेको छ मेरो देश
कोभिड-१९ ले सङ्क्रमित बढ्दैछन् गाउँ-शहरमा
राष्ट्रियता अतिक्रमित हुँदा पनि शान्त बसेको छ मेरो देश ।

## (१८) चलन

श्रम र श्रमिकको कहिल्यै सम्मान हुँदैन बरू शोषण हुन्छ मेरो देशमा
मानवता निरीह पारिन्छ मान्छे पनि त छुत-अछूत हुन्छ मेरो देशमा
सामाजिक रूपान्तरणकै लागि जनआन्दोलन-जनयुद्ध भए भन्छन्
देशको मूल नीति राजनीति नेताबाट नै बलात्कृत हुन्छ मेरो देशमा ।

## (१९) यथार्थ-१

घरमै बसौं कोरोना लखेटौं समय हो बाँच्ने बचाउने
धन सम्पत्ति प्रतिष्ठाको कसैलाई किन धाक लगाउने
जिन्दगी बचे सबथोक पाइन्छ यस दुनियाँमा
जली खरानी भएपछि अन्त्यमा पानीले हो बगाउने ।

## (२०) यथार्थ-२

विभेद विरूद्ध उठेका हातलाई शक्ति–सत्ताको दुरूपयोग गरी बाँधेका छन्
कुरीति र अन्धपरम्परालाई धर्मभीरूहरूले निमुखा सोझामाथि खाँदेका छन्
संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको फूर्ति नलाऊ
जातीय हिंसामा उत्रेकाहरु मानवताको वध गरी मौनता साँधेका छन् ।

# (२१)यथार्थ-३

देश अविकसित होइन केवल अव्यस्थित बनाइएको हो भन्न मन लाग्छ
जनता अशिक्षित होइनन् मात्र अन्धविश्वासी भएका हुन् भन्न मन लाग्छ
सात सालदेखि राजनीतिक उथलपुथल भएको सात दशक पुगे पनि
सामाजिक रूपान्तरण होइन बरू सत्ता हस्तान्तरण भएको हो भन्न मन लाग्छ ।

## (२२) म-१

राज्यका लागि जनशक्ति होइन सिर्फ म त एउटा भोट रहेछु
न फल्ने न छहारी दिने व्यर्थै उम्रेको म त एउटा बोट रहेछु
कोभिड-१९ ले संसार बन्दाबन्दीमा फस्दा पो बल्ल थाह भो
न कतै चल्ने न बैंकमा सटही हुने म त एक खोटो नोट रहेछु ।

## (२३) म-२

विश्वव्यापी महामारी कोरोना कहरको भय र भोकसँग लड्दैछु म
छिमेकीले साँध मिचेको बेला सिरूपाते खुकुरी लिई अघि बढ्दैछु म
महासंकटसँग जुधेको बेला जातीय बर्बर हिंसाको शिकार भएछु
स्वयम् जन्ती स्वयम् मलामी भएको समाचार अखबारमा पढ्दै छु म ।

## (२४) म-३

भेरी नदीमा पानी होइन अचेल निर्दोष प्रेमीहरूको आलो रगत बगेको देख्छु म
नवराज र सुष्माको प्रेमकथा स्वर्ण अक्षरहरूले इतिहासको पानामा लेख्छु म
साइबर युगमा बाँचे पनि जातिप्रथाको जाँतोले पिल्सिरहेको छु वर्षौंदेखि
अन्ध परम्पराले मानिसबीच कोरेका छुत-अछूतका सीमारेखा सधैंलाई मेट्छु म ।

## (२५) विरोधाभास-१

समान कथा समान व्यथा भएपछि एकअर्काको मन छुने रहेछ
मान्छेलाई पशुभन्दा तल्लो स्तरमा झार्दा मानवता नै रूने रहेछ
संघीय लोकतान्त्रिक राज्यको नागरिक हूँ भनी के गौरव गरूँ ?
दमन विरूद्ध मैले बोल्दा सामाजिक सद्भाव कमजोर हुने रहेछ ।

## (२६) विरोधाभास-२

जसले देश दोहन गरेको छ उसैले राष्ट्रियताको गीत गाएको छ
राष्ट्रको ढुकुटी रित्तो पारेर उसैले भ्रष्टाचारीसित मीत लाएको छ
कुर्सी टिकाउनकै लागि नौटङ्की प्रदर्शन गर्छन् सत्ताधारी
महासंकटमा राज्यको भूमिका देखी जनता चित खाएको छ ।

# सफलताको हार्दिक शुभकामना



आँखीझ्यालको सानो प्वालबाट संसार चियाउने सामर्थयको खोजी हो मुक्तक लेखन । यसले साधनाको माग गर्दछ । सामान्य तुकबन्दी सम्झेर यसको गरिमा घटाउने काम पनि भएको छ । यस्तो नहोस् ।

पोखरा मुक्तकलाई लोकप्रिय बनाउन संस्थागत प्रयत्न गरिएको भूमि हो । पोखरेली युवा सांस्कृतिक परिवारले २०३५ माघ २० गते पहिलो पटक टिकटमा मुक्तक कार्यक्रम आयोजना गरेर यसको थालनी गरेको हो । निकै लामो समय यो अभियान चल्यो । मुलुकको अन्य भागमा समेत यसको अनुकरण गरियो । यसले आम पाठक, श्रोता तथा साहित्यप्रेमीहरु माझ मुक्तकलाई लोकप्रिय बनाउन र मुक्तक लेखनमा आकृष्ट गर्न योगदान पुग्यो भन्ने म ठान्दछु ।

प्रिय विश्वराज रसाइली भाइ गीत र कविता लेखनमा लाग्दै मुक्तकसँग लहसिनुभएको छ । मुक्तक लेखनमा उहाँको संलग्नता उहाँ स्वयं र मुक्तकको लागि पनि उल्लेखनीय बनोस् । उहाँको सफलताको लागि हार्दिक शुभकामना ।

– **तीर्थ श्रेष्ठ**,

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान,

पूर्व संस्थापक सदस्य सचिव

## (२७) खबरदारी

तिमी प्राकृतिक हौ या कृत्रिम हौ कुनै दिन जान्नेछौं
तिमी उत्पादित हौ या आयातित हौ कुनै दिन छान्नेछौं
हे कोरोना होसियार ! मानव जातिको संहार नगर
विश्वमैत्री हौं हामी नेपाली दुनियाँलाई समान ठान्नेछौं ।

## (२८) स्वीकारोक्ति

सुनामी, भूकम्प, टाइफन, बाढीपहिरोसँग टक्कर गरेकै हौं
प्लेग, इबोला, ब्लाकडेथ, एड्स, स्वाइनफ्लुको मुखमा परेकै हौं
भोकमरी, कुपोषणले गरिबलाई बढार्दा मेरो मन रोएन
स्पेनिसफ्लु कोरोना सामु मानसिक रूपमा मरेकै हौं ।

# (२९) विवशता

ज्यालादारी गरी परिवार पालौं भने लकडाउनको धक्का छ हजुर
कैदीभै बस्नुपर्ने जिन्दगीरूपी गाडीको पङ्चर चारै चक्का छ हजुर
राहत लिन नजाऊँ भोकै मरिन्छ गए आफ्नो जात खुलेपछि
बन्दाबन्दीको समयमा पनि घरबेटीले डेराबाट निकाल्ने पक्का छ हजुर ।

## (३०) प्रेरणा

मेरा मित्रहरु भन्दैछन् यस शताब्दीकै महाकाल हो कोरोना
मेरा नातेहरु भन्दैछन् यान्त्रिक युगकै महापापी हो कोरोना
बम, बारूदको सिरानी हाल्नेहरूलाई पनि घुँडा टेकायौ
म भन्छु मानवताको पाठ सिकाउने तिमी हौ सबैका प्रेरणा ।

## (३१) कोरोनावाद

कहिले युग सामन्तवाद र सुधारवादमा खस्यो
कहिले युग साम्यवाद र पूँजीवादमा बस्यो
चाहना त समाजवादको थियो नेपालीको
वर्तमानमा युग कोरोनावादमा पो फस्यो ।

## (३२) समय

संसार ठप्प कोरोनाले दैनिकी भो बन्द
घाम-जून, हावापानी देख्छु अचेल मन्द
अचानक भताभुङ्ग भो साथी
मिलाउनै नसक्ने गरी जिन्दगीको छन्द ।

# (३३) पक्षपात

दैव पनि कस्तो वैरी भाग्य लेख्दा असहायको निधारमा भने मनपरी केर्दोरहेछ
गरिब, दीनदुःखी, बेसहारालाई समस्याले पनि चारैतिरबाट एकैपटक घेर्दोरहेछ
नियति हो या नियम विश्वनै बन्दाबन्दीको चपेटामा फसेको यो बेला
कस्तो अचम्म ! वितरण गरिने सरकारी राहतले पनि धर्म, जात, पार्टी हेर्दोरहेछ ।

## (३४) पुरूष

स्त्री सौन्दर्यताकै हरक्षण महिमा गाउँछ
विवाहको प्रस्ताव राख्दै अघि-पछि धाउँछ
आश्वासन अनेकौं दिएर कौमार्य लुटेपछि
स्त्रीको चरित्रमा एक पक्षीय खोट लाउँछ ।

## (३५) अफसोस !

न सरकारी जागिर खाइयो न त वैदेसिक रोजगारी ताकियो
न खातामा मौजात न साथमा सुका मासिक वेतन पनि काटियो
क्या महँगो पाठ सिक्ने अवसर दिलायौ कोरोना जिन्दगीमा
न राहत न अनुदान भोक टार्न शैक्षिक प्रमाणपत्र पो चाटियो ।

# (३६) विसङ्गति

कोरोना रोकथाम तथा नियन्त्रण राहत कोषमा सरकारले करौडौं रकम भरेको छ
किस्ताकिस्तामा अशक्त, अपाङ्ग, असहाय, मजदुरलाई राहतरूपी कनिका छरेको छ
विश्वव्यापी महामारी भ्रष्टाचारीका लागि कमाउने सुनौलो अवसर भो साथी
जनता भने भोकभोकै सरकारको बेथिति विरूद्ध धर्ना दिन सडकमा झरेको छ ।

## (३७) हालखबर

योग्यता र क्षमताको कदर नभएपछि जिन्दगीका इच्छाहरु किचिएका छन्
दुई छाक टार्न विदेसिंदा आत्मसम्मान-स्वभिमानका रेखाहरु मिचिएका छन्
विश्वव्यापी महामारी कोरोनाले नेपालीहरूलाई पराइ भूमिमा निलेपछि
लाखौं भविष्य चकनाचुर भई ऋणले उठ्नै नसक्ने गरी थिचिएका छन् ।

# कोरोना कहरभित्र जन्मेको कृति “शुभ-दृष्टि”



कोमल समयले कठोर समय भोगिरहेको बेला समय सापेक्ष समयभित्रका समयहरू निश्चय नै आहत हुन्छन् । समयका आहत र समयले दिएका आघातभित्र रहेर पनि सृष्टिका अंकुरणहरू अंकुरित भइरहेका हुन्छन् ।

प्रसङ्ग छ, कोरोना कहरको र कोरोना कहरले पारेको प्रभावको । अरूलाई अरूहरू कुराले प्रताडित भए तापनि स्रष्टाहरूलाई यो समयले प्रशस्तै रूपमा सिर्जना गर्ने अवसर प्रदान गरेको छ । यही कहरभित्र जन्मेको कृति हो 'शुभ-दृष्टि' ।

जीवन र जगत्लाई नजिकैबाट नियालिरहेका विश्वराज रसाइलीले यस मुक्तक सञ्चयनमा वर्तमान समय, सामाजिक भेदभाव र समन्वय, देशप्रेम, आक्रोस, राजनीतिक, विसङ्गति र जनजीवनको दैनिकीलाई काव्यात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

स्वभावैले पोखरा मुक्तकको उर्वरभूमि हो । तीसको दशकमा पोखरामा आयोजना गरिएको मुक्तक कार्यक्रमबाट नेपाली मुक्तकले अग्रगति लिन थालेको हो । यस चार दशकको अन्तरालमा मुक्तक विधाले नेपाली साहित्यमा पुऱ्याएको योगदानले नै आज नवोदित तथा अग्रजहरू यस विधाप्रति आकर्षित भएका छन् ।

विश्वराज रसाइलीको यो दोस्रो मुक्तक कृतिले पोखरेली मुक्तक फाँटलाई अझ फराकिलो पारेको छ भने सिङ्गो मुक्तक मञ्चलाई अवश्य नै मलिलो पार्ने छ भन्ने कुरामा विश्वस्त छु ।

विश्व भाइलाई मेरो सम्पूर्ण शुभ-कामना !!!

**– प्रकट पगेनी “शिव”**

## (३८) प्रश्न-१

महासंकटको बेला पार्टीभित्र एकापसमा मन किन डढ्दैछ सरकार
खाद्य-उपभोग्य वस्तुको दिनप्रतिदिन भाउ किन चढ्दैछ सरकार
कोभिड-१९ मा संसार फसेको बेला मानवता कता हराएछ !
जातीय विभेद र महिलाप्रति घरेलु हिंसा किन बढ्दै छ सरकार ।

## (३९) प्रश्न-२

अनुदान, ऋण, चन्दा, तलबमाथि कोरोनाको नाउँमा भ्रष्टचार गर्न पाइन्छ सरकार
बन्दाबन्दीमा हुनेखानेलाई मस्ती हुँदा खानेलाई भने सास्ती दिन पाइन्छ सरकार
सङ्क्रमण समुदायमा दिनप्रतिदिन व्यापक बन्दै गएको थाह त होला नि कसो ?
कमजोर व्यवस्थापनले क्वारेन्टाइनमा नै सर्वसाधरणलाई मार्न पाइन्छ सरकार ।

## (४०) प्रश्न-३

मान्छेले मान्छेसँग वैवाहिक सम्बन्ध राख्न खोज्दा जात मिल्नुपर्छ भन्छ समाज
अमित र नवराजहरूलाई स्वीकार्न हुन्न भन्दै जिउँदै पुर्न खाडल खन्छ समाज
१०४ वर्ष राणा शासन फालियो, ३०वर्ष पञ्चायत ढालियो, १०वर्ष जनयुद्ध लडियो
दलितका लागि समयसापेक्ष कार्यान्वयन हुने संविधान भन कहिले बन्छ समाज ?

## (४१) अपमान

कतै किरिया पुत्रीमाथि जातीय विभेद त कतै सार्वजनिक धारामा पानी पिउन बन्देज लाइयो
जनप्रतिनिधिद्वारा नै नियम कानुनको उल्लङ्घन गर्दै दलित भएकैले गाली र कुटाइ खाइयो
कोभिड-१९ बाट विश्वभरिनै बाँचौ र बचाऔं अभियान चलेको बेला
राहत वितरण र क्वारेन्टाइनमा समेत पक्षपात गरी जातीय विभेद र छुवाछूत गरेको पाइयो ।

## (४२) विकल्प

कालो बजारियाले कमाउने मौका भनी कालोबजारी गराउने भए
घूसखोरले विपतको बेला अवसर ठानी घूसखोरी बढाउने भए
बन्दाबन्दी मात्र विकल्प सोंची फेरबदल केही हुँदैन भने
कोभिड-१९ले भन्दा पनि भोकमरीले जनतालाई मराउने भए ।

## (४३) निमन्त्रणा

मानिसका कलुषित विचार व्यवहारले धरती भइन् क्रुद्ध
घामजून हावापानी प्रदुषित भए केही राखेन मानिसले शुद्ध
कोभिड-१९ सँग सिङ्गो मानव बस्ती युद्धरत छ यो बेला
विश्व शान्ति कायम गर्न पुनर्जन्म लेऊ महामानव गौतम बुद्ध ।

## (४४) आजभोलि

सामाजिक रूपान्तरण गर्छु भन्ने हाम्रा राजनेताहरू नै नस्लवादी हुन थालेका छन्
सद्भाव शान्ति खल्बलाउन धर्मभीरूले आपसमा वैमनस्यताको आगो बालेका छन्
कस्तो संघीय शासन व्यवस्थाको अभ्यास गरिरहेका छौं कुन्नि हामी ?
जातीय विभेदले प्रताडितमाथि दमन गर्न पाऊँ भनी पीडकले नै मुद्दा हालेका छन् ।

# "शुभ-दृष्टि": प्रतिकुलताको सिर्जनात्मक उपयोग



ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल....। कोरोना भाइरसको अकल्पनीय कहरसँग युद्ध मैदानमा जुधिरहेकै वेला, त्यही युद्ध मैदानवाट 'शुभ-दृष्टि' नामक मुक्तक सँगालोको रचना गरेर ढुङ्गाको काप फोरेर पीपल उम्रन सक्छ भने प्रतिकुलता तोडेर सृजना जन्मन किन सक्दैन ? भन्ने प्रश्न तेर्साउन सफल हुनुभएको छ सर्जक एवं मेरा अनन्य मित्र विश्वराज रसाइली । तसर्थ, म यस कृतिको अर्को नाम प्रतिकुलताको सिर्जनात्मक उपयोग हो भन्न रूचाउँछु र कृतिका रचयिता विश्वराज रसाइलीलाई हार्दिक बधाई अनि उहाँको यस सिर्जनात्मक यात्रा अझ प्रखर बन्दै जाओस् र अझ शिखरोन्मुख हुँदै जाओस् भन्ने शुभकामना दिन चाहन्छु । यद्यपि सिर्जना मात्र होइन, उहाँको जीवन समेत प्रतिकुलताकै बीचवाट ढकमक्क फुलिरहेको छ, झुलिरहेको छ । अझै फुल्दै जाओस्, अझै झुल्दै जाओस् । करिब तीन दशक पहिलादेखिको चिनजानका मेरा मित्र हुनुहुन्छ उहाँ । मैले विर्सन खोज्दा पनि चिनजान सम्झाइरहने मित्र विश्वराज रसाइलीको साहित्यिक एवं सिर्जनात्मक क्षेत्रमा प्रदर्शन भएको निष्ठा र समर्पणसहितको निरन्तर साधना देखेर म कहिलेकाहीँ त अचम्मित पनि हुन्छु । लाग्छ कि उहाँ निष्ठा र समर्पणको अर्को नाम हो, निरन्तर साधनाको अर्को नाम हो । जीवनमा आफूले चयन गरेको क्षेत्रमा निष्ठा र समर्पणसहित निरन्तर साधनाले मात्र आनन्द र सफलताको दिशामा अघि बढ्न सकिँदोरहेछ भन्ने शिक्षाको स्रोत पनि हो उहाँ भन्ने लाग्छ मलाई ।

पुस्तककारका रूपमा यो उहाँको तेश्रो कृति हो । सरसरती हेर्दा यस कृतिभित्र कोरोना भाइरसको कहरवाट प्रताडित भई छट्पटिएको मानवीय आत्म पाइन्छ । जातीय छुवाछूत र महिला हिंसाको चपेटामा पिल्सिएको

मानवीय उद्गार र उक्त उद्गारले कुरीकुरी गरेको हाम्रो आधुनिक समाज पाइन्छ । यतिमात्र होइन, आफ्नो उर्जाशिल उमेर र पसिना विदेशी भूमिमा विताउन र भिजाउन विवश युवाहरूको नियति अनि उक्त विवशता र नियतिले गिज्याइरहेको हाम्रो व्यवस्था र अवस्था पनि कृतिभित्र देख्न पाइन्छ । कता कता, कृतिभित्र सुशासन र जनजीविकाले अलि मलिनो स्वरमा गुनासो पोखिरहेको पनि देख्न सकिन्छ । कृतिभित्र गुनासा मात्र होइन नि, आशा पनि देख्न सकिन्छ । 'शुभ-दृष्टि'का साथ नयाँ सृष्टिको अपेक्षा पनि देख्न सकिन्छ । शुभ-दृष्टि राख्न सक्दा, नयाँ सृष्टि सम्भव छ भन्ने दरिलो विश्वास र प्रतिबद्धता पनि देख्न सकिन्छ, कृति भित्र । र त, उहाँले लेख्नुभएको छ किः

*ज्ञान, विज्ञान, विवेक चेतनाको जगतमा 'शुभ-वृष्टि' हुनुपर्छ*
*युद्ध, अशान्ति, हिंसा हटेर एकापसमा 'शुभ-सृष्टि' हुनुपर्छ*
*कोरोना कहरले जिन्दगी क्षतविक्षत भए तापनि*
*हरेश नखाई अगाडि वढ्ने प्रत्येकमा 'शुभ-दृष्टि' हुनुपर्छ ।*

हो, आजको नेपाली समाजमा देखिएको मुख्य अभाव भनेको नै 'शुभ-दृष्टि' हो, सकरात्मक सोच हो । यसलाई मुक्तककारले फेला पारेरै चपक्क पक्डनुभएको छ । जबसम्म यस अभावलाई प्रशस्त र छ्यालब्याल बनाउन सकिन्न, तबसम्म समाजमा हाम्रा सपनाहरूले अपेक्षित अग्रगति लिन सक्दैनन् भन्ने सन्देश पनि पाउन सकिन्छ 'शुभ-दृष्टि' मा ।

उत्पीडनका विरूद्ध विद्रोह पाइन्छ अनि सनातन र परम्पराका नाममा आत्मसमर्पण गर्न सकिँदैन भन्ने उद्घोष पाइन्छ कृतिमा । र त, एउटै हरफमा उहाँ समाज र शासकहरूलाई यसरी चुनौती लेख्ने आँट गर्नुहुन्छः

*सामाजिक रुपान्तरण गर्छु भन्ने हाम्रा राजनेताहरू नै नस्लवादी हुन थालेका छन्*
*सद्भाव शान्ति खल्बलाउन धर्मभीरूले आपसमा वैमनस्यताको आगो बालेका छन्*
*कस्तो संघीय शासन व्यवस्थाको अभ्यास गरिरहेका छौं कुन्नि हामी ?*
*जातीय विभेदले प्रताडितमाथि दमन गर्न पाऊँ भनी पीडकले मुद्दा हालेका छन् ।*

प्रिय मित्र विश्वजी, सतिसाल भै विद्रोह कोर्ने हजुरको कलम निरन्तर गतिशील बन्दै जाओस्, खारिँदै जाओस् । हजुरको कलमले निरन्तर समाज, राजनीति र शासन भित्रको विकृति, विसङ्गति, अन्धविश्वासलाई औँल्याइरहोस् । समय र परिवर्तनको गतिलाई विर्सेर यसलाई वोकिरहने र समयसँग परिवर्तन हुन रूचि नदेखाउनेहरूलाई निरन्तर गिज्याइरहोस् । अन्ततः परिवर्तन हुन र परिवर्तन गर्न बाध्य बनाओस् । मेरो यही शुभकामना छ । अनि, हजुरको यस महत्वपूर्ण कृतिको छेउमा मेरा भावनालाई पनि ठाउँ दिने हजुरको शुभ-भावनाप्रति पनि कृतज्ञ छु ।

धन्यवाद !

– **गोविन्दबहादुर नेपाली**
बागलुङ

## (४५) अत्याचार

नारीका चाहना-इच्छा दबाउँदै पुरूष हूँ भन्ने जनायौ तिमीले
नाबालिगलाई बलात्कार गरी कालो सुहागरात मनायौ तिमीले
प्रेम प्रस्ताव अस्वीकार गरेकै निहुँमा खुल्ला सकडमा नै
तेजाव आक्रमण गरी मेरो जिन्दगी क्षतविक्षत बनायौ तिमीले ।

## (४६) चुनौती

तेञ्जिङ खोस्यो हाम्रो बुद्धलाई पनि खोस्न लागेकै त हो
साँध मिची निहुँ खोज्दै भित्रभित्रै नेपाललाई दागेकै त हो
मिनेटमै घुँडा टेकाउनुपर्छ यो पिराह छिमेकीलाई
अङ्ग्रेज पनि नेपाली सिस्नुपाते खुकुरीदेखि भागेकै त हो ।

## (४७) अभ्यास

राजनीतिको नाउँमा देशमा केवल सत्ता र कुर्सीको जोड घटाउ चलेको छ
वीर गोर्खाली हुनुको सार्थकता के भोर मातृभूमिको सीमा स्तम्भ ढलेको छ
शान्ति र अहिंसाका दूत बुद्धका सन्तान हौं भनी के गौरव गर्नु छ हामीले
तँ ठूलो कि म ठूलो भनी एकापसमा वर्षौदेखि वर्णभेदी आगो बलेको छ ।

## (४८) हासिल

प्रजातन्त्र, लोकतन्त्र, जनयुद्ध र गणतन्त्रको खूब गीत गाइएछ
६ थान संविधान, १२ राजा, ३८ प्रधानमन्त्री र २ राष्ट्रपति पाइएछ
ठूलै परिवर्तन गरिएजस्तो लागेको थियो नेपाली जनतालाई
खै के भनौं गरिबीसँगै मानवाधिकार समेत पोलेर खाइएछ ।

## (४९) नेता

धान खेतमा घर उब्जाई नौलो कृषि क्रान्ति गरी उहाँ आत्मनिर्भर बन्नुभएछ
चुनावी प्रतिस्पर्धाका लागि टिकट पाऊँ भनी पार्टीलाई करोडौं चन्दा गन्नुभएछ
विश्वास गर्नै गाह्रो भो डण्डावालासँगै झण्डावाला गाडीमा सफर गर्दै बस्तीमा
सर्वहाराको सामाजिक रूपान्तरणको लागि भन्दै राजनीतिमा प्रवेश गर्नुभएछ ।

## (५०) परम्परा

हिंस्रक जनावरहरूलाई समेत आफैसित खुवाउँछ-सुताउँछ यो समाजले
घरपालुवा जनावरको पूजा गरी उनीहरूप्रति सम्मान दर्साउँछ यो समाजले
खै कस्तो धर्म संस्कृतिको संरक्षण अवलम्बन गर्दैछन् नेपालीले विश्वमाझ
अछूत जाति भित्र पस्यो भनी घर चोख्याउन जरिवाना तिराउँछ यो समाजले ।

## (५१) सन्देह

श्रीमती बालबच्चा असहाय बनाइ वैदेसिक रोजगारीमा जान कर छ मलाई
कसैले भाग्य र भविष्य लेखिदिने होइन यहाँ मेरै पाखुराको भर छ मलाई
विश्वास कसैको मान्नु हुन्न मान्छेको मन मौसमजस्तै फेरिरहेको छ अचेल
छिमेकीले आगो झोसिदिई घर जलेर खरानी हुन्छ कि भन्ने डर छ मलाई ।

## (५२) दृष्टि

सरकारले हामीलाई बनायो सधैं दलित
समाजले हामीलाई ठान्यो सधैं अछूत
पुस्तौंसम्म सहिरहनु पर्ने जातीय विभेद
कहिले ठहरिउँला हामी पनि यो देशका सपुत ।

## (५३) रीति

दलित युवाले गैर दलित युवती बिहे गरेमा दलित युवालाई जिउँदै गाड्छन् यहाँ
गैर दलित युवाले दलित युवती बिहे गरेमा निर्धक्क उपभोग गरी छाड्छन् यहाँ
अन्तरजातीय सम्बन्धमा साँचो प्रेम कहिल्यै भेटिदैन यो सङ्कीर्ण समाजमा
प्रशासनलाई गुहारे पनि प्रेमी-प्रेमिका छुट्टयाउने षडयन्त्रको डोरी बाट्छन् यहाँ ।

## (५४) प्रवृत्ति

दलितको घरमा पकाएका खाना गैर दलितहरु मिठो मानी मानी खान्छन्
दलितका हुर्के बढेका छोरी चेलीलाई वासना मेटाउने भोग्य वस्तु मान्छन्
उत्पीडन र शोषणको कुनै सीमा छैन जे मन लाग्यो गरे हुन्छ यहाँ
घरमा पालेका कुकुर बिरालाभन्दा पनि तल्लो स्तरको दलितलाई ठान्छन् ।

## (५५) छिमेकी

पर्दाको जन्ती मर्दाको मलामी हुन्छ भन्छन् छिमेकी
दुःख-सुख सँगसँगै साट्ने गर्छन् भन्छन् छिमेकी
जब जब महामारी र दैवी प्रकोपसँग जुध्नुपर्छ
साँध मिच्दै कलहमा उत्रिने पनि हुने रैछन् छिमेकी ।

## (५६) अप्ठेरो

न खातामा मौजात न तलब भत्ता न त राहत थाप्न पाइने भो
सरकारको नीति तथा कार्यक्रम सुनेर नै हामी वर्षेनी अघाइने भो
एकै देशका जनताप्रति असमानताको पहाड किन चुलिन्छ ?
खै कति दिन बाँचिने हो बन्दाबन्दीमा हावा र पानी मात्र खाइने भो ।

## (५७) चेताउनी

तिमीले देशको अवैज्ञानिक मानचित्र सार्वजनिक गर्दा सामान्य हुन्छ
हामीले देशको सप्रमाण वैज्ञानिक नक्सा पेश गर्दा असामान्य हुन्छ
राष्ट्रियता ठूलो सानो हुँदैन राष्ट्र ठूलो सानो भए तापनि ख्याल गर
छिमेकीका सार्वभौम माथिको प्रहार छोड अब सधैंलाई अमान्य हुन्छ ।

## (५८) बाध्यता-१

ठूलै परिवर्तनपछि देशले जनमुखी संविधान पाए तापनि जनताको मन दुखेको छ
गाउँ-गाउँमा सिंहदरबार भन्थे तर दरबार केन्द्रमै सिंह मात्र गाउँमा पुगेको छ
मातृभूमिको बलात्कार गर्नेलाई सलाम ठोक्नुपर्ने यो कस्तो विवशता नेपालीको
वीर गोर्खालीका सन्तान हौं भनी के गौरव गरूँ खै यतिखेर मेरो शिर झुकेको छ ।

# (५९) बाध्यता-२

बालबालिकामाथि हुने दुर्व्यवहार विरूद्ध उनीहरूले मात्रै बोल्नुपर्ने !
महिलामाथि हुने हिंसा, बलात्कार विरूद्ध महिलाहरूले मात्रै बोल्नुपर्ने !
संघीय प्रणालीमा अत्याचार विरूद्ध कसैले मौनता साँध्दैन भन्थे
उत्पीडितमाथि हुने विभेद, अन्याय विरूद्ध पीडितहरूले नै बोल्नुपर्ने !

## (६०) उद्घोष

मान्छेले मान्छेसँग प्रेम गर्दा सामूहिक कुटपिटबाट मर्नुपर्ने भो
छुवाछूत गर्नेलाई अब कडा कानुनी व्यवस्था हुनुपर्ने भो
मानवाधिकारको सामान्य अनुभूति हुन्न भने संघीय व्यवस्थामा
दलित एकजुट भएर शोषण विरूद्ध प्रतिकार गर्नुपर्ने भो ।

# (६१) प्रतिस्पर्धा

पृथ्वी प्रदूषित भो भनी मानिसले मंगलमा मानव बस्ती बसाउन आँटेका छन्
प्रविधिको यो युगमा सामाजिक सञ्जाल मार्फत मानिसले दुःख-सुख साटेका छन्
आधुनिक विज्ञानको विकासवादी प्रतिस्पर्धामा अपत्यारिला परिवर्तन भए तापनि
मेरो देशमा भने जातीय विभेदको पराकाष्ठ नाघ्दै मानिसले मानिसलाई काटेका छन् ।

# समाजको वर्तमान अवस्था छर्लङ्ग पार्ने मुक्तकहरू



भाषाका माध्यमबाट प्रस्तुत मानिसका मनका अनुभव एवं अनुभूतिहरूको कलात्मक तथा सौन्दर्यपरक अभिव्यक्ति नै साहित्य हो । साहित्य यथार्थताको कलात्मक तथा सौन्दर्यपरक प्रतिविम्ब, चेतनाको मुहान तथा उन्नति र प्रगतिको संवाह हो जसले जीवन र जगत्लाई उचित मार्ग पहिल्याउ निर्देशन गर्न सक्नुपर्दछ । साहित्यका विभिन्न विधाहरू मध्ये कविता एक लयात्मक विधा हो र अभिव्यक्तिगत आयामका हिसाबले यसका विभिन्न उपविधाहरू छन् ती हुन, मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य । मुक्तकलाई कविताको सबैभन्दा सानो अथवा लघुतम रूप भनिन्छ । मुक्तकका माध्यमबाट आफना अनुभुतिहरूलाई छोटकरीमा प्रस्तुत गरेर श्रोताको हृदयलाई छुन सके मात्र मुक्तककार सफल हुन सक्दछ । यस्तै मुक्तककारका रूपमा उदाउन सफल हुनुभएको छ, कवि तथा गीतकार विश्वराज रसाइली ।

यस अघि पनि विभिन्न सिर्जनाहरू प्रस्तुत गरेर एक स्थापित स्रष्टाका रूपमा परिचित भइसक्नुभएका रसाइली सरले यसपटक यो मुक्तक सङ्ग्रह प्रकाशित गर्न लागेको थाह पाउँदा ज्यादै खुशी लागेको छ । अहिले प्रकाशन हुन लागेको मुक्तक सङ्ग्रहका सबै मुक्तकहरू त मैले पढ्न पाएको छैन यद्यपि मलाई उपलब्ध भएका केही प्रतिनिधिमुलक मुक्तकहरू हेर्दा मेरो मनलाई आन्दोलित बनाएको छ । कलाका हिसाबले पनि सुन्दर मुक्तकहरूबाट हाम्रो समाजको वर्तमान अवस्थालाई छर्लङ्ग पारिएको छ र राष्ट्रियता तथा राष्ट्रभक्तिको सन्देश दिन खोजिएको छ । एक्काइसौं शताब्दीको यो नवीन युगसम्म आइपुग्दा पनि मानव जातिको कलङ्कको रूपमा रहेको जातीय विभेद तथा जातका कारणले ठगिनु परेको, अपहेलित हुनुपरेको, दमन

सहनुपरेको, अन्यायमा पिल्सिनुपरेको जस्ता भावहरु धेरै मुक्तकहरुमा पाइन्छ । यसैगरी राजनैतिक सङ्क्रमणका कारणले देश पछि परेको, नेताहरु देश र जनतापति संवदेनशील हुन नसकेका केवल सत्ता प्राप्तिको दौडधुपमा लागेर राज्य दोहन गर्ने कार्यमा लिप्त भएका निस्वार्थ भई काम गर्नुपर्नेमा गुट र फुटमा रमाउँदै आफना आसेपासेलाई मात्र पोस्ने काम गरेका, गणतन्त्र स्थापनापछिको संघीयताले सिंहदरबारको अधिकार गाउँ गाउँमा ल्याएको भनिए तापनि झन धेरै छोटे राजाहरु जन्मिएर रातारात सम्पत्ति कमाएका, जनताले राहत पाउनुको साटो आहातले छटपटिनु परेको, श्रममाथिको शोषण कायम रहिरहेको, गरिबी बढिरहेको, बालिकाहरु असुरक्षित हुनु परेको, कोरोनाको कारणले जनताको जीवन अस्तव्यस्त हुँदा वास्तविक गरिबले राहत पाउनुको साटो नातावाद कृपावादको कारणले हुने खानेले नै राहत पाएको जस्ता भावहरु रहेको मुक्तकहरु पढदा म ज्यादै प्रभावित भएको छु र सबै मुक्तकहरुले पाठकको मन जित्न सफल हुनेछन भन्ने आशा राख्दछु ।

अन्त्यमा रसाइली सरको साहित्यिक यात्राको हार्दिक शुभकामनासहित आगामी दिनमा अझ उत्कृष्ट कृतिहरु ल्याउने प्रेरणा यस कृतिले प्रदान गर्ने छ भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

– **पदमराज ढकाल**
अध्यक्ष
लेखनाथ साहित्य प्रतिष्ठान

## (६२) सक्दैनौ

भौतिक शरीर बगाए तापनि साँचो प्रेम बगाउन सक्दैनौ
अभिजातीय अहंकारले निर्दोषलाई दोष लगाउन सक्दैनौ
जातीय हिंसाको ताण्डव नृत्य जति नै देखाऊ नरभक्षीहरू
मानव समाज सचेत छ होसियार न्याय डगाउन सक्दैनौ ।

## (६३) भिन्नता

जुन धरतीमा तिमी पाइला टेक्छौ त्यही धरतीमा म पनि पाइला टेक्ने गर्छु
जुन आकास ओढी सास फेर्छौ त्यही आकास ओढी म पनि सास फेर्ने गर्छु
जुन रगत तिम्रो नसामा बग्छ त्यही रगत मेरो नसामा पनि बग्छ साथी
एउटै मुहानको पानी हामी दुवै पिउँछौं तर तिमी शुद्ध म अशुद्ध हुने गर्छु ।

## (६४) वास्तविकता

माया, अंगिरा, निर्मलाहरूको बलात्कार गरी हत्या गर्नेहरूलाई समाजमा छुट हुन्छ
प्रेमका पूजारी अमित र नवराजहरूको ज्यान लिने अपराधीको समाजमा गुट हुन्छ
नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको पनि चौध वर्ष बितेछ त सरकार
संविधानका पानामा लेखिने तर कार्यान्वयनमा नदेखिने कानुन समाजमा झुट हुन्छ ।

## (६५) खोसियो

रोजगारी गुमेपछि मजदुरहरूको गास खोसियो
डेरावालाहरूको घामपानी ओत्ने बास खोसियो
राहत व्यवस्थित र निष्पक्ष हुन सकेन सरकार
कोरोना भाइरसकै कारण बाँच्ने आस खोसियो ।

## (६६) बहिष्कार

दलितले छोएको पानी मात्र किन दलितले फेरेको हावा पनि बहिष्कार गरे हुन्थ्यो अब
दलितलाई मात्र किन उसका श्रम, सीप, कलालाई पनि समाजमा बहिष्कार गरे हुन्थ्यो अब
मन्दिर, मूर्ति, गरगहना पोसाक, ठेकी, सन्दुस संस्कृति सबैलाई दलितले नै छोएका छन्
दलितले पकाएको खाना मात्र किन दलितले टेकेको धरती पनि बहिष्कार गरे हुन्थ्यो अब ।

## (६७) आदेश

चाहे तिमी प्रेमको सप्तरङ्गी रङ्ग भर
चाहे तिमी कुराजनीतिको रङ्ग छर
अभिजातीय दम्भले नरसंहार गर्नेमाथि
बिना पूर्वाग्रह दोषीलाई कारवाही गर ।

## (६८) क्वारेन्टाइन

सामान्य रोगीको समेत हेरचाह गर्न पनि पछि रहेछ क्वारेन्टाइन
न स्वास्थ्यकर्मी, न एम्बुलेन्स, न पिउने पानी न व्यवस्थित रहेछ क्वारेन्टाइन
कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि अरबौं खर्चेछ सरकारले
भोकसँग जुध्दै देश फर्केकाको ज्यान लिन खप्पिस रहेछ क्वारेन्टाइन ।

## (६९) किन-१

सुनको भाउ किन बढ्दै छ सरकार ?
खूनको भाउ किन घट्दैछ सरकार ?
कोरोना कहरले जनजीवन ध्वस्त हुँदा
नुनको भाउ किन चढ्दैछ सरकार ?

## (७०) किन-२

मन्त्रीदेखि सांसद, नेता, कार्यकर्तासम्म रूकुम नरसंहारको विरूद्ध बोल्दैनन् किन ?
दलका लागि राजनीति गर्ने दलित नेताले जातीय हिंसा बारे मुख खोल्दैनन् किन ?
जनआन्दोलन र जनयुद्धमा दलितले प्राणको आहुति व्यर्थै दिएछन् क्यारे
नयाँ नेपालको चर्चा भए तापनि समाजमा रहेका कुसंस्कारलाई पोल्दैनन् किन ?

## (७१) कोरोना

प्रवेश निषेध गर्दागर्दै पनि आखिर तिमी प्रवेश गरी छाड्यौ कोरोना
क्वारेन्टाइन र आइसोलेसनमै सोझा जनतालाई मारी छाड्यौ कोरोना
तिम्रै नाउँमा करोडौं चलखेल भएको टुलुटुलु हेर्दैछन् सङ्क्रमितहरू
ज्यान त गयो नै भावी पुस्तालाई ऋणको भारी बोकाई छाड्यौ कोरोना ।

## (७२) प्रतिप्रश्न

शान्तिभूमि हिंसाले रङ्गिएपछि बुद्धलाई विदेश भ्रमण पठाइएको छ
सतीले सरापेको देश, चेलीको अस्मिता बिक्री गर्न माइती खटाइएको छ
रोग, भोक, शोक, गरिबी जनतालाई उपहार स्वरूप बाँडिएपछि
नपत्याए हेर्नुस्, गणतन्त्र भन्ने शब्दलाई नै संविधानबाट हटाइएको छ ।

## (७३) हेक्का

दलित कुनै जात होइन अवस्था हो मानी राख
जसलाई अछूत भन्छौ तिनलाई मान्छे ठानी राख
समाजले पक्षपात गरेको इतिहास साक्षी छ
आरक्षण इतिहासको क्षतिपूर्ति हो जानी राख ।

## (७४) देख्छु

देश दोहोन गरी नथाक्नेहरूले नै देशभक्तिको गीत गाएको देख्छु
जनता सधैं भोका-नाङ्गा भ्रष्टचारीले नै दुवै हातले खूब खाएको देख्छु
प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र भन्नु शब्दजाल मात्र त रहेछ राजनीतिमा
सामन्त नै शासक बनेपछि मुलुकमा निरङ्कुश व्यवस्था छाएको देख्छु ।

## (७५) परिभाषा

कोही गणतन्त्रलाई नयाँ बोतल पुरानो झोल भन्छन्
कोही गणतन्त्रलाई पुरानै सिरक नयाँ खोल भन्छन्
जुन व्यवस्था आए पनि जनताको अवस्था उही नै छ
कोही गणतन्त्रलाई राजतन्त्रकै नयाँ रोल भन्छन् ।

## (७६) के दिऊँ ?

बैङ्कले किस्ता ले भन्छ घरबेटीले भाडा ले भन्छ
देशले राजस्व ले भन्छ शिक्षालयले शुल्क ले भन्छ
खै क-कसलाई के दिऊँ माग्नेहरु माग्न छोड्दैनन्
कस्तो आपत ! उता कोरोनाले तेरो ज्यान ले भन्छ ।

## (७७) निर्लज्जता

पोसाक भत्ता, सवारी भत्ता, भ्रमण भत्ता, बैठक भत्ता, अतिथि सत्कार भत्ता
भत्ताका लामा सूचीहरु बन्छन् जब जालभ्केल गरी हत्याइन्छ सत्ता
कार्यालय सहयोगी, सवारी चालक, स्वकीय सचिव सबै आफै बनी
थापिन्छ तलब मासिक म एक सांसद हूँ सोझा जनतालाई के पत्ता ।

# कृति रच्दै “कहर”लाई “रहर”मा बदल्ने व्यक्तित्व...



साहित्यकार, गीतकार विश्व मेरा आदरणीय मित्र हुन । गीत, कविता, मुक्तक रचनाकार रसाइली पोखरेली साहित्यकार रचनाकारहरूबिच नाम बिर्सन नमिल्ने प्रिय व्यक्तित्वमा परिचित छन् ।

थोरै अक्षरमा संक्षिप्तमा धेरै बोल्न लेख्न सकिने मुक्तक विधा पढ्दाभन्दा वाचन शक्तिमा वजनदार हुन्छ । कविताको छोटो रूप मुक्तक हो भने व्यङ्ग्य विधाको विस्फोट शैलीमा बुझिन्छ, भावनाको दृष्टिले ।

लेखक मुक्तक मार्फत फुटेको, लुटेको देख्न चाहन्नन् । उनी अनुरोध शीर्षकको मुक्तकमा आफनो भावना पोख्छन । संकटमा त एक हुन सिक । मानिस भिन्न स्वभावहरूद्वारा समानता दिलाउन बन्दीबन्दी-२ शीर्षकमा प्रश्न गर्छन् । समानताको फुल कहिले फुल्ने हो ? मुक्तककार रसाइली चलन को कथित साँस्कृतिक पहिरनमा भेदभाव भएको कत्ति देख्न मात्र होइन सहन हुन्न भन्ने सन्देश दिन चाहन्छन ।

रसाइलीका मुक्तकले कोरोना कहरबिच रहर गरेर मानवताको सन्देश छर्न चाहन्छन । गोमन सर्पसँग दाँजेर कोरोनालाई परिभाषित गर्न चाहन्छन । सिद्धान्त र व्यवहार फरक पर्दा लेखक सबभन्दा बढी आन्दोलित भएका छन । प्रायः मुक्तकहरूमा उनले समानताको व्यवहारलाई जीवनमा भोग्न चाहेका छन । मानिस एउटै सोचाइका हुँदैनन् । दुःख परेको बेला जीवन फाल्न हतास हुने केही मान्छेबीच लेखक महामारीमा उत्साहकासाथ “शुभ-दृष्टि” रचना पुस्तकाकारमा उदाएका छन । 'दृष्टि' हुनु पर्‍यो, कम्तीमा पढ्नुस र 'शुभ-दृष्टि' राख्नुहोस ।

झण्डै दुई दशकपछि 'शुभ' शब्दलाई लगातार कृतिको अघिल्लो शीर्षकमा राख्दै तेस्रो कृतिको रूपमा प्रकाशित हुने समाचार मेरा लागि साहित्यका पाठकलाई मन जितेर शुभ सन्देश छर्नेछ । हार्दिक शुभकामना यो कृतिका लागि ।

– **धनबहादुर नेपाली**, पोखरा

## (७८) आभास

परिवार पराइजस्तो लाग्छ आफन्त दुश्मनजस्ता देखिएका छन्
सूर्योदय देखेको छैन अचेल जूनतारा पनि खै केले छेकिएका छन्
कोभिड-१९ ले मानव जातिलाई नै सकंटमा पारेको यो बेला
मान्छेले नै मान्छे खाएको खबर समाचारपत्रमा लेखिएका छन् ।

## (७९) मन्त्र

जसले जति सकिन्छ यो देशलाई मिलीजुली लुटौं साथी हो
शक्ति र सत्ता हातमा हुँदा विपक्षीलाई पहिले भुटौं साथी हो
आफू बने पो देश बन्छ देश बने आफू बनिन्न कहिल्यै
हाम्रो विशेषता जुट्ने होइन सकेसम्म आपसमा फुटौं साथी हो ।

# (८०) विपरीत

समाजमा पानी नचले पनि श्रम, सीप, रगत हजारौं वर्षदेखि चल्दै आएको छ
अभिजातीय दम्भको आगोले २१ औं शताब्दीमा मानव बस्ती जल्दै आएको छ
नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरियो भनी दङ्ग नपरे हुन्छ सरकार
संविधानमा मात्रै देखिने व्यवहारमा नदेखिने कानुनले दलितलाई छल्दै आएको छ ।

## (८१) मलाई

जिउँदो हुँदासम्म सिङ्गो समाजसँगै चल्न मन छ मलाई
मरेपछि पनि साझा घाटमा सँगै जल्न मन छ मलाई
मान्छे-मान्छेबिच छुत-अछूतको रेखा कोरी विभेद नगर
तिमीजस्तै जिन्दगीका बगैंचामा फल्न मन छ मलाई ।

## (८२) पूर्वाग्रह

कार्य सम्पादन सर्वोत्कृष्ट भए तापनि पद भने खोसिएको छ
राष्ट्रको लागि योगदान दिने युवाको जोश-जाँगर ओसिएको छ
सिद्धान्त संस्कारको राजनीतिभन्दा गुट-फुटमा अभ्यस्त छौं
आपसमा दोषारोपण गरी आफ्नै घरमा आगो झोसिएको छ ।

## (८३) तटस्थता

निष्ठावान् व्यक्तिहरूलाई समेत यहाँ राजनीतिक धार चाहिएको छ
सार्वभौम सत्ता सम्पन्न जनतालाई यहाँ बाँच्ने आधार चाहिएको छ
बहुदलीय व्यवस्थामा तटस्थ भएर के बसेको थिएँ हजुर
यहाँ त रातौदिन शासन सत्ताबाट खपिनसक्नु मार पाइएको छ ।

## (८४) टीका

पौष माघको जाडोमा रात बिताउनलाई पुरानै सिरक थेग्ने गरेको छु
जिन्दगी जसोतसो गुजार्नै पर्ने सुख टिपें तर दुःख मात्रै खेप्ने गरेको छु
चामलको अक्षेता दशैंको टीका भनी निधार थापौं कसरी ?
मैले त प्रत्येक मानिसका निधारहरूमा भातको सिता पो देख्ने गरेको छु ।

## (८५) सभ्यता

बीस वर्ष सर्भिस पुगे पनि घर चलाउन बुढालाई खाडी पस्ने कर छ हजुर
नाति-नतिना खेलाउने उमेरमा बूढीलाई ओठ गाला पोत्ने रहर छ हजुर
आधुनिक सभ्यताको नाउँमा कस्तो संस्कृति भित्रिदै छ कुन्नि हिजोआज
खेतबारी बाँझै छन् न गोठमा गाईवस्तु रित्तो धनसार र घर छ हजुर ।

## (८६) बसाइँ

मुखमा कहिल्यै माड नलाग्दा प्राण रक्षार्थ डुकुले हरछाक टार्नुपर्छ
मनै त हो दुःखीको पनि उस्तै रहरलाई करले कुल्चेर मार्नुपर्छ
भो यसपालि त दशैं-तिहार नमनाऔं आमा
फेरि पनि ऋणमा डुबी गाउँ नै छोडेर हामीले बसाइँ सार्नुपर्छ ।

## (८७) मृत्युञ्जय मनिषा

करोडौं खर्चेर रोगहरूको महारोगलाई जितेर पुनर्जन्म पायौ तिमीले
वैवाहिक घात सहेर असहायहरूको सहारा बन्ने कसम खायौ तिमीले
नदीमा रहेर गोहीसँग दुश्मनी मोल्यौ गोर्खाली साहसलाई सलाम
जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छ भन्ने नेपाली गाथा गायौ तिमीले ।

## (८८) विभेद

जीवनसाथी पाएँ लोग्ने भएकाले व्यभिचार सहेर जन्माएकी छु शिशु
जीवन पाएँ नारीको विभेद सहँदै बगाउँदै रगत पिएकी छु आँसु
सासुको खटन नन्दको वचन घरै छोडे तापनि एक गास त खानै पर्ने
नारी हुनुको अभिशाप शरीरको पसल थापेर थापी बिक्री गरेकी छु मासु ।

## (८९) पक्ष

कोही भन्छन् हाम्रो कुनै पार्टी छैन छ त पक्ष म गोली पक्षको हूँ
कोही भन्छन् हाम्रो कुनै आस्था छैन छ त सत्ता म बोली पक्षको हूँ
बन्दाबन्दीले जीवन जगत् शिथिल भएको बेला के परिचय दिऊँ
अनुदान, ऋण, विप्रेषणले देश चल्ने मगन्ते म झोली पक्षको हूँ ।

## (९०) संस्कार-१

समाजमा बसेपछि मान्छेले मान्छेलाई चिन्नुपर्छ
जीवनमा अघि बढ्न जालझेलका डोरी छिन्नुपर्छ
बदलिंदो संस्कारमा रीतिरिवाज सबै फेरिएपछि
इष्टामित्र आफन्तलाई धनसम्पत्तिले किन्नुपर्छ ।

# हरेक मुक्तकले केही न केही पाठ सिकाएको अनुभूति



पर्वत जिल्लाको चित्रे गाउँमा जन्मनुभएका विश्वराजसँग सुरुमा परिचय हुँदा उहाँ नेपाली भाषा विषयको एक शिक्षक हुनुहुन्छ भन्नेमा सीमित थियो । तर समय बित्दै जाँदा र उहाँसँगको नजिकपनले उहाँ शिक्षकबाहेक कविता र मुक्तक लेखेर पाठकसमक्ष पस्काउन अति रुचि राख्ने व्यक्ति हुनुहुन्छ भन्ने थाहा भयो । २०५५ सालमा "शुभ-विवाह" मुक्तक सङ्ग्रह, २०७५ सालमा "शुभ-कामना" गद्य कविता सङ्ग्रह, निकाल्नुभयो भने यस पटक कोरोना कहरको लक डाउनको बेला तेस्रो कृतिको रुपमा "शुभ-दृष्टि" मुक्तक सङ्गह लेख्नुभयो ।

कोरोनाले धेरैलाई रूवायो, सतायो र वर्वाद नै गरिदियो । मान्छेहरू आफ्नै घरमा थुनिए । सामाजिक दूरीमा बस्नुपर्‍यो । घरदेखि बाहिर गएर भेट्ने-घुम्ने रमाउने वातावरण नै भएन ।

यसै बखत विश्वराज रसाइलीले आफ्नो मनमस्तिष्कलाई चारैतिर घुमाए । लकडाउनले घर परिवार टोल-छिमेक र समाज अनि देशमा के कस्तो प्रभाव पार्‍यो के कस्तो मनस्थिति पैदा गरिदियो, सामाजिक राजनैतिक र आर्थिक क्षेत्रप्रति हाम्रो स्वभाव कस्तो रहन गयो । यी सब कुरालाई टिपेर फूलमाला उनेझैं उनेर विश्वराज रसाइलीले "शुभ-दृष्टि" नामको यौटा सिङ्गो पुस्तक नै हामीलाई उपहार दिनुभएको छ । यो अत्यन्त सह्रानीय काम हो ।

पर्वत जिल्ला, चित्रे गाउँको विद्यालयबाट सात कक्षा पास गरी आठमा भर्ना हुन २०४६ सालमा पोखरा झरेका विश्वराज रसाइलीलाई त्यतिखेरको आन्दोलन नजिकबाट हेर्ने अवसर मिलेको थियो । यसले पनि उहाँको दिल

दिमागमा साहित्यमा कलम चलाउन ऊर्जा मिलेको हुनुपर्छ ।

"शुभ-दृष्टि" मा जम्मा जम्मी एक सय एक वटा मुक्तकहरु छन् । हरेक मुक्तकले हामीलाई केही न केही पाठ सिकाइरहेका छन् भन्ने मलाई लागेको छ । यो पुस्तक पठनयोग्य भएकोले यसलाई देशको चारैतर्फ कुना कुनाना पुऱ्याउन सकियो भने यस पुस्तकको महत्व अझ बढ्ने कुरोमा मलाई विश्वास छ । यति राम्रो र उदाहरणीय कार्य गर्ने विश्वराज रसाइलीलाई शुभ-कामना दिन्छु र उहाँको यो लेखन यात्राले द्रूतगति पनि पाउने छन् भन्ने मैले आशा लिएको छु ।

**– आनन्द रत्न बज्राचार्य**

गीतकार

(पूर्व सहसचिव, कृषि विकास मन्त्रालय)

## (९१) संस्कार-२

तुच्छ आचरण भएर पनि जातका आधारमा दुष्टलाई विशिष्ट मानिन्छ
रगत सबैको रातो हुँदा पनि धर्मको नाउँमा मानिस अछूत भनी जानिन्छ
२१ औं शताब्दीको सभ्य र शिक्षित नागरिक हूँ भनी गर्व नगरे हुन्छ साथी
तिम्रो संस्कारमा त मान्छेलाई समेत पशुभन्दा तल्लो स्तरको ठानिन्छ ।

## (९२) साहस

अनुहार जल्दैमा हाम्रा सपना कदापि जल्दैनन्
शरीर गल्दैमा हाम्रा आत्मबल भने गल्दैनन्
हिंसा, दुर्व्यवहार, बलात्कारविरूद्ध लड्ने छौं
नारीमाथिको पितृसत्तात्मक शोषण अब चल्दैनन् ।

## (९३) हामी

होनहार युवा विदेश निर्यात गरेर नयाँ नेपाल बनाउँदै छौं
ऊँचनीचको नाउँमा एकार्कालाई पुर्ने खाडल खनाउँदै छौं
नुनदेखि सुन खाद्यान्नदेखि पोशाक आयात गर्ने बाध्यता छ
कृषि प्रधान देशका खेत बाँझो राखी धान दिवस मनाउँदै छौं ।

## (९४) आत्मबोध

जोड्न सिपालु तोड्न झनै सिपालु मानेँ हजुर
राजनीतिक बादसाह तपाईंलाई नै ठानेँ हजुर
शासक बदलिएछन् शासन बदलिन बाँकी रैछ
राष्ट्रको समुन्नति-विकास कदापि नहुने जानेँ हजुर ।

## (९५) आवश्यकता

कसैलाई वर्तमानमा पौराणिक अयोध्या र राम चाहिएको छ
कसैलाई यो आर्थिक मन्दीमा पनि दाम र नाम चाहिएको छ
कोरोना, बाढीपहिरो र डुबान पीडित जनतालाई भने
जीवन रक्षाका लागि साँझ-बिहान काम र माम चाहिएको छ ।

## (९६) पुरानै

खाली खुट्टामा जुत्ता फेरिएछ तर गन्तव्य पुरानै
उसको शिरमा टोपी फेरिएछ छ तर विचार पुरानै
खानपिन, उठबस, सम्बन्ध, साइनो, आवास पनि नयाँ
उसको पहिरन फेरिएछ तर परिचय भने पुरानै ।

## (९७) तपाइँ

तपाइँ त कम निष्ठ भएको कम दुष्टमा पर्नु भो
नारा समानताको तर व्यवहारले सामन्त ठहर्नु भो
झण्डामा विश्वास गरे हातमा डण्डा रहेछ
भोक र शोकको घडीमा ममाथि निर्मम प्रहार गर्नु भो ।

## (९८) दोष

पारिवारिक अपेक्षा अनुसार वंश धान्ने भनी छोरा चाहियो भन्छन्
छोरीमात्र जन्माउने नारीमाथि श्रीमानले सौता ल्याउने दिन गन्छन्
न छोरा न छोरी जन्माउने निर्णय रहन्छ आखिर नारी जातिलाई
आफ्नै कमजोरी ढाकछोप गर्न पुरूषले आफै पुर्ने खाडल खन्छन् ।

## (९९) स्पष्टीकरण

घर होइन गोठ, गुन्द्री पैसा, बिस्तारा भाँडाकुँडा मात्र जलाएका हौं
ज्यान लिएका होइनौं केरकार गर्दा हातखुट्टा मात्र चलाएका हौं
कोरोना कहरसँगै बाढी, पहिरो, डुबानले छटपटिएका छन् जनता
शासकीय शैली छैन भिन्न निर्दलीय व्यवस्था मात्र ढलाएका हौं ।

## (१००) जानकारी

खराब छिमेकीले बेला-कुबेला पिरेको हुन्छ
खुला सीमा भएपछि अपराध छिरेको हुन्छ
पराइको इशारामा राज्य-सत्ता चल्छ भने
देश र जनताको अवस्था सधैं गिरेको हुन्छ ।

## (१०१) खेद

हिन्दू ठानूँ आफूलाई मठमन्दिर पूजापाठ वर्जित भन्छन्
बौद्ध मानूँ सधैंलाई छोइछिटो उस्तै छ अछूतमा गन्छन्
ईशाइ बने पनि छुवाछूतमुक्त हुन कहाँ सकिएको छ र ?
इस्लाम रोजूँ विभेद चर्कै दुनियाँ मानवता विरोधी बन्छन् ।

# सहयोगी सर्जक



साहित्य, कला र संगीतको क्षेत्रमा निरन्तर क्रियाशिल व्यक्तित्व श्री विवराज रसाइली सुशील र सरल छन् । उनी आफूमात्र सिर्जना गर्दैनन्, अरूलाई पनि सघाउँछन् । साहित्य, कला र संगीत क्षेत्रमा कर्यरत सबैलाई सम्मान गर्छन् । उनका सुविचार 'मुक्तक सङ्ग्रह' 'शुभ-दृष्टि' मार्फत पढ्न पाउँदा खुशी लागेको छ । उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभ-कामना ।

**– कृष्णप्रसाद बाँस्तोला**
प्रधान सम्पादक
आदर्शसमाज दैनिक, पोखरा

# समानताको गीत गाउने स्रष्टा



विभेदका पर्खालहरूलाई शब्द र सिर्जनाका शस्त्रहरूले ढाल्दै सेतीको गल्छीभित्र डाँको छाडेर रोइरहेको मानवतालाई अन्नपूर्ण र माछापुच्छ्रेको शिखरमा टल्काउन हरेक हरफमा शान्ति र समानताको गीत गाउने प्रिय मित्र विश्वराज रसाइलीका रचनाहरु जुगजुगसम्म सबैको मन, मस्तिष्कमा बाँचिरहून् । हार्दिक शुभकामना ।

**प्रेम नेपाली**
प्रधान सम्पादक,
आवर अल न्यूज अनलाईन

# यथार्थ अभिव्यक्तिः प्रतीकात्मक रचना




समयचक्रसँगै जीवनमा आइपर्ने आपतविपतलाई सामना गर्नुबाहेक अर्को कुनै विकल्प छैन । समय, परिस्थितिअनुसार यस्ता अनुभव फरक-फरक हुन्छन् । विश्वराज रसाइलीले वर्तमान परिप्रेक्ष्यका सबै घटनाक्रमलाई "शुभ-दृष्टि" मुक्तक सङ्ग्रहमा यथार्थपरक ढङ्गले मन छुने गरी पाठकमाझ पस्किनुभएको छ । पढ्ने क्रममा पनि स्वयम्ले भोगेको वास्तविक अनुभव गराउने लेखकको प्रतिभाप्रति म स्तब्ध छु । बहुप्रतिभाका धनी विश्वराज रसाइलीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**किसान सुनार**

अध्यक्ष : नेपाल च्याम्बर अफ कर्मश,कास्की

# यूवा पिंढीका मानवताका पूजारी



पोखरा उसै मुक्तकको राजधानी भनेर कहलिएको होइन । माछापुच्छ्रे-अन्नपूर्णदेखि लिएर पोखराको कुना कन्दरामा मुक्तक घन्किरहने भएर नै हो । यसै मेसोमा युवा पिढीका मानवताका पूजारी विश्वराज रसाइली पनि जातीय समानताको बिगुल फुक्दै दोस्रो मुक्तक सङ्ग्रह 'शुभ-दृष्टि' लिएर पोखरेली मुक्तकको भीडमा टुप्लुक्क आएका छन् । उनको यो प्रयासको सफलताको शुभकामना सहित बधाई ।

**विष्णु 'अल्पविराम'**

साहित्यकार

# विभेद र विसङ्गतिप्रति मुखरित मुक्तक सँगालो



भन्छन्, खुकुरीको चोट अचानोलाई थाहा हुन्छ । त्यस्तै धर्म, संस्कृति र राजनीतिका नाममा हुने सामाजिक विभेद र विसङ्गतिको चोट विभेदमा परेकालाई थाहा हुन्छ ।

विश्वराज रसाइली भाइका केही मुक्तक सुन्ने र पढ्ने अवसर पाउँदा ती मुक्तकहरुमा नेपालको समसामयिक राजनीतिक, सामाजिक र धार्मिक विधिव्यवहारमा देखिएका असमानता, अमानवीय विभेद र न्यायिक विचलन मुखरित भएको अनुभव मलाई भयो ।

**– विश्व शाक्य**
व्यङ्ग्य कवि

# कलम र सिर्जनाप्रति शुभकामना



"विश्वराज रसाइली" साहित्यिक क्षेत्रका एक उदयमान नक्षत्र, चाहे सामाजिक विभेदका सवालमा होस् या सभ्य समाज निर्माणका खातिर भनौं अविरल अग्रगतिमा बगिरहने तपाईंका 'कलम र सिर्जना' को खयर जति प्रशंसा गरे पनि कमै हुनेछ ।

परस्पर सम्बन्ध रहने "मुक्त शब्दहरुको मेल" द्वारा विभिन्न प्रकृतिका सामाजिक घटनाक्रमलाई अन्तर हृदयको भाव जो 'सानो भाँडोमा धेरै अटाउने' गरी प्रकाशनको संघारमा रहेको तपाईंको सिर्जना मुक्तक सङ्ग्रह 'शुभ-दृष्टि'ले सफलता प्राप्त गरोस्, हार्दिक शुभ-कामना !

**नरेन्द्र मित्रकोटी**
सामाजिक अभियन्ता

# रचना शिल्पको कामना



हृदयको भावलाई प्रतिबिम्वित गर्ने प्रभावकारी निरपेक्ष स्वतन्त्र कविता हो मुक्तक ! कोरोना कहरमा रचना गरिएको विश्वराजको "शुभ दृष्टि" ले सबैको मन हर्नेछ र सिर्जना गर्ने प्रेरणा प्रदान गरेको छ! उनी धन्य छन्, मन असल र असल बुद्धिका धनीलाई दुर्लभ वस्तु केही हुँदैन, आफ्नो रचना शिल्पमा उत्तरोत्तर सफलता मिलिरहोस् । हार्दिक शुभकामना !

**हेमराज रेग्मी**

भूपू प्र.अ. विन्ध्यवासिनी मावि, पोखरा-२


# विद्यमान विकृति र विसङ्गति विरुद्धको आवाज



नेपाली भाषा र साहित्यमा रूचि राख्नुहुने मेरा बाल सखा विश्वराज रसाइलीले विगत लामो समयदेखि साहित्यका विविध विधामा कलम चलाउँदै आउनुभएको छ । उहाँले यसअघि मुक्तक सङ्ग्रह र कविता सङ्ग्रह प्रकाशन गरिसक्नु भएको छ । समाजमा विद्यमान विकृति र विसङ्गति विरूद्ध आफना सिर्जनामार्फत सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन सफल हुनुभएको छ । अहिले कोरोना कहरको विषयलाई आधार बनाइ मुक्तक सङ्ग्रह प्रकाशन गर्न लाग्नुभएको खबरले म अत्यन्तै हर्षित भएको छु । उहाँको आगामी कृतिको लागि हार्दिक बधाईसहित सफलताको शुभकामना

**रविन घिमिरे**

युवा व्यावसायी



मेरो पहिलो मुक्तक सङ्ग्रह 'शुभ-विवाह-२०५५' लोकार्पण गर्नुहुँदै जनकविकेशरी धर्मराज थापा